# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

साना-साना बालबालिकाहरूलाई आर्थिक, सामाजिक, शैक्षिक दृष्टिकोणले बलियो बनाउन सकेमा त्यो देश द्रुत गतिले अगाडि बढ्न सक्छ । बालबच्चाहरूका निम्ति आधारभूत स्थायी सूचकहरू सिकाइ, बुझाइ, पढाइ, खेलाइ साथसाथै स्वास्थ्य सुरक्षा लगायत उनीहरूको इच्छा अनुरुपको मायाममता आवश्यक पर्दछ । यस्ता कुराहरूमा नकारात्मक भाव नराखी सकारात्मक रुपबाट सहकार्य गर्नु जरुरी हुन्छ (Child welfare Society, 1996)।

संयुक्त राष्ट्र संघले १९८९ मा पारित गरेको बालअधिकार सम्बन्धी महासन्धि अनुसार राज्यले यो भन्दा कम हुने गरी उमेरको हद नतोकेको खण्डमा १८ बर्षभन्दा मुनिका सम्पूर्ण मानवलाई बालबालिका भनिन्छ । नेपालको बालबालिका ऐन २०४८ ले १६ बर्ष मुनिका मानवलाई बालबालिका भनेर परिभाषित गरेको छ । त्यस्तै, नेपालको बालबालिका सम्बन्धी नियमावली २०५१ ले पनि १६ बर्ष मुनिका मानवलाई बालबालिका भनी परिभाषित गरेको छ । सामान्य अर्थमा भन्नुपर्दा कुनै पनि बालबालिकाहरू आफ्नो घरमा या विद्यालयमा बसेको हुनुपर्ने हुन्छ तर त्यसो नभएर बालबालिकाहरू आफ्नो जीविकोपार्जनका लागि सडकको सहारा लिएर आफ्नो भविष्य खोजिरहेका छन् भने त्यस्ता बालबालिकाहरूलाई सडक बालबालिका भनेर बुझिन्छ (धिताल, २०६८) ।

बालबालिका समाजका ऐना र भविष्यका पूर्वाधार हुन् । प्रत्येक बालबालिकाले माया, स्नेह शान्ति, समझदारी र सुरक्षाभित्र रहेर समय सापेक्ष शिक्षा दीक्षा एवम् स्वास्थ्य सुविधा पाउनु उनीहरूको नैसर्गिक अधिकार हो । राज्यले बालबालिकाहरूको पूर्ण अधिकारको प्रत्याभूति गराउनु पर्दछ । सन् १९२४ मा सर्वप्रथम जेनेभा घोषणापत्रले बालअधिकारको व्यवस्था गर्‍यो । सन् १९४८ मा संयुक्त राष्ट्रसंघको मानव अधिकार सम्बन्धी धोषणाले पनि बालअधिकारलाई समेटेको छ । त्यसैगरि राष्ट्रसंघले सन् १९५९ मा बालबालिकाको बाँच्ने पाउने अधिकार र बालविकास सम्बन्धी अधिकारको व्यवस्था गर्नुका साथै सन् १९८९ मा बालअधिकार सम्बन्धी महासन्धी समेत पारित गरेको छ (बराल, २०७१) ।

"सडक बालबालिका तिनीहरूलाई भनिन्छ, जो सडकमा बस्दछन्, जसको तत्कालीन आवश्यकता भनेको गाँस, बास र कपास हुन्छ । यस्ता बालबालिका परिवारसँग अलग भई अस्थायी भत्केका घर, पाटी, पौवा र सडकमा बस्छन् । कतिपयले परिवारसँग सम्बन्ध राख्छन् तर गरिबी, हिंसा र दुर्व्यवहार आदि कारणले केही दिन बसी पुन सडकमा नै फर्कन्छन् । विविध कारणले जन्मस्थल, बुवा आमा, परिवार, आफन्त समेतलाई छाडेर बालबालिका सडक सम्म आइपुग्छन् । ती विविध कारणलाई आधार मान्दा मुख्यताः सडक बालबालिकाहरू ३ प्रकारका छन् ।

क) **भागेका बालबालिकाहरू** : घरको गरिबी, साथीभाइको लहलहै, अभिभावकको बेवास्ता, कामको बोझ, शहरको आकर्षण आदि कारणले वरिपरिका क्षेत्रबाट भागेर शहरका सडकमा आईपुगेका बालबालिकाहरू ।

ख) **सुकुम्बासी बालबालिकाहरू** : सुकुम्बासी क्षेत्रमा बसोबास गर्ने बालबालिकाहरू जो परिवारको बेवास्ताको कारण दिनभर सडकमा बिताएर रात परेपछि मात्र घर फर्कन्छन् ।

ग) **अनाथ बालबालिकाहरू**: जन्मपछि परित्याग गरिएका, थाहा पाउँदा आफूलाई सडकमा नै पाएका, बावु आमा को हुन् भन्ने समेत थाहा नभएका बालबालिकाहरू

CWIN ले यी तीन प्रकारका बालबालिकाहरूलाई मुख्य २ भागमा वर्गीकरण गरेको छ ।

१. सडकका बालबालिकाहरू (OF the Street) : घर परिवारबाट टाढा भई गाँस, बास र कपासका लागि सम्पूर्ण समय सडकमा बिताउने बालबालिकाहरू ।

२. सडकमा बालबालिकाहरू (On the Street): दिनमा धेरै समय सडकमा बिताई रात परेपछि घर फर्कने सुकुम्वासी र गरिब बालबालिकाहरू । सडक बालबालिकाहरू मध्ये अधिकांश यही श्रेणीमा पर्दछन् (सिविन, २०७१) ।

नेपालको सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक कारण तथा गरिबी, क्षेत्रीय असन्तुलनका कारण तथा स्रोतको असमान वितरणका कारणले नागरिकहरूको जीवन निर्वाह जटिल बन्दै गइरहेको छ । विशेष गरी घरेलु हिंसा तथा दुर्व्यवहार, गरिबी, साथीभाइको संगत वा लहैलहै, उचित माया ममता नपाएका कारण, बालश्रमको सिकार

भएर, पढ्न मन लागेर/नलागेर सहरको रङ्गीन सपना बोकेर, टुहुरो भएको आदि कारणले ग्रामीण बालबालिकाहरू सहरका सडक बालबालिकाहरूमा रुपान्तरित हुन पुगेका छन् । त्यसैगरी समाजमा व्याप्त विभिन्न कुरीति, कुसंस्कारले पनि परिवारका सदस्यहरूबीच असहज स्थिति सृजना भई बालबालिका घर छोडेर हिँड्ने प्रवृत्ति बढ्दै गएको छ । सडकमा आश्रित बालबालिका पूर्णरूपले सडकमा बसी काम गर्ने खासगरी अनाथ, असहाय आदि बालबालिका हुन सक्छन् । तिनीहरू परिवाररहित वा परिवारसहित भए पनि सडकमा आश्रित भएका हुन सक्दछन् र आफ्नो परिवारसितको सम्पर्क-सम्बन्धमा नहुन पनि सक्छन् । बालबालिकाले सडकमा जीवनयापन गर्नुलाई निकृष्ट प्रकारको श्रममा संलग्न भएको पनि मानिन्छ । शिक्षा, स्वास्थ्य, पोषण तथा कानुनी अधिकारहरू र अन्य आधारभूत अधिकारहरूको प्राप्तिमा असहज परिस्थितिको कारण ती सबै अधिकारहरूबाट सडकमा आश्रित बालबालिका टाढै रहेका हुन्छन् । त्यसैले सडकमा आश्रित बालबालिकालाई राज्यले विशेष संरक्षण गर्नु पर्दछ । विभिन्न कारणले पारिवारिक संरक्षण विहिन अवस्थामा पुगेका वा कठिन परिस्थितिमा रही विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई संस्थागत संरक्षकत्व प्रदान गर्ने उद्देश्यले तोकिएको प्रकृया एवम् मापदण्डहरू पुरा गरी स्थापित भएका आवासीय गृहलाई बालगृह मानिन्छ । नेपाल सरकारबाट सञ्चालनको अनुमति लिएर मात्र त्यस्ता बालबालिकालाई आवश्यक संरक्षकत्व प्रदान गर्नु बालगृहहरूको दायित्व हो र बालगृहमा रहेका बालबालिकाको उच्चतम हितलाई ध्यानमा राख्दै उनीहरूलाई आवश्यक सेवा सुविधा प्रदान गर्नु बालगृहको कर्तव्य हो । बालबालिकाको अधिकार सुनिश्चित गर्ने प्राथमिक दायित्व राज्यको भएकाले बालगृहहरूको नीतिनियमहरू, योजना तथा कार्यक्रमहरू एवम् आधारभूत मापदण्डहरू तयार गर्ने र अनुगमन गर्ने दायित्व पनि राज्यको नै हो । नेपालमा आर्थिक वर्ष २०७२/०७३ मा ४४ जिल्लामा कूल ५ सय ७२ आवासीय बालगृहहरू सञ्चालनमा रहेका छन् । यी बालगृहहरूमा जम्मा १६ हजार ८ सय ८६ बालबालिका (८ हजार ४ सय ३५ बालक र ८ हजार ४ सय ५१ बालिका) लाई संरक्षण प्रदान गरिएको छ । काठमाडौं जिल्लामा सर्वाधिक २ सय बालगृह रहेका छन् भने १७ जिल्लामा एउटा-एउटा मात्र बालगृह सञ्चालनमा रहेका छन् । कास्की जिल्लामा २०७४ असार सम्ममा ४१ वटा आवासीय बालगृहरू र ४ वटा पुनर्स्थापना केन्द्र छन् । जसमा ६३४ बालक ७४३ बालिका सहित १३७७ बालबालिका रहेका छन् ( भण्डारी, २०७४)

घर छाडेर सडकमा आएर कवाडी पसल, बजार क्षेत्र, मन्दिर, सिनेमा हल, बस पार्क, पर्यटकीय स्थलहरूमा माग्न बस्ने, सडकमा प्लाष्टिक, बोतल बटुल्ने र बेच्ने कार्य गरेका बालबालिकाहरूलाई पहिला उद्धार गरी सामान्य तयाः उनीहरूको स्वास्थ्य परिक्षण गरिन्छ । त्यपछि उनीहरूको शारीरिक र मानसिक अवस्था बुझ्दै त्यसमा सुधार गर्न केही समय आफ्नो केन्द्रमा राखी उनीहरूको घर परिवारसँग भेटाउने कार्य गरिन्छ । निजको अधिकारको संरक्षण र उच्चतम हितलाई सुनिश्चित गर्नका लागि बालक वा बालिका परिवार वा समुदायमा गइसकेपछि नयाँ वातावरणमा  घुलमिल हुन सकेका छन् कि छैनन् र राम्ररी रहन, बस्न सकेका छन् कि छैनन् भनी अनुगमन समेत गरिन्छ । यदि उसको परिवार नभएको खण्डमा वा उसको उज्ज्वल भविष्यलाई मध्यनजर गरी कुनै पुनर्स्थापना केन्द्रहरूले बालबालिकाहरूलाई उनीहरूको अनुकूलता, आवश्यकता हेरेर केही वर्षसम्म पुनर्स्थापना केन्द्रहरूमा नै राख्ने पनि गर्दछन् । बालगृहले सडक बाट नभई महिला तथा बालबालिका कार्यालय, केन्द्रीय बालकल्याण समिति लगायत अन्य निकायले सिफारिस गरेका बालबालिकालाई र बाबु, आमा वा संरक्षकबाट उचित पालनपोषण  नगरी हेलाँ र दुर्व्यवहार गरिएका, बाबु वा आमा भए पनि बालबालिकाको हेरचाह गर्न शारीरिक वा मानसिक अशक्तताका कारणले सक्षम नभएका, त्यस्तै गरी घर वा बसोबासको स्थायी ठेगान नभएका समेतका बालबालिकाहरूलाई उनीहरू वयस्क नभइ सकेको अवस्थासम्म संरक्षण गरी राख्छ । पुनस्थार्पना केन्द्रले घर छोडेर सडकमा आएका बालबालिकाहरूलाई आवासीय बालगृह सम्म पुऱ्याउने र साहारा दिने उसको अन्तिम विकल्पका रुपमा रहनुपर्नेछ । अझ सकभर उनीहरूलाई आफ्नो परिवारसँग मिलाउने कोसिस गर्नुपर्छ । साथै त्यहाँ बसोबास गर्ने बालबालिकाको व्यक्तिगत विवरण (फाइल) तयार पार्नुपर्छ । यदि कुनै बालबालिका दुर्व्यवहार, यातना वा भेदभावबाट पीडित वा दुर्घटनामा परेर बालगृह सम्म आएका छन् भने तत्काल उसको स्वास्थ्य परीक्षण, मनोसामाजिक स्याहार र कानुनी प्रक्रिया सुरु गरिहाल्नुपर्छ । यदि बालबालिकाका आमाबाबु वा आफन्तजनहरू पत्ता लागेमा वा फेला परेमा उनीहरूलाई बालक वा बालिकाको बारेमा जानकारी दिनुपर्छ । साथै बालगृहमा बसेका बालबालिकाहरूको सम्पत्ति वा पैतृक अधिकारको संरक्षणका लागि सम्बन्धित सरकारी निकाय तथा अधिकारीहरूसँग समन्वय गरी जिम्मेवारी लिनुपर्छ (केन्द्रीय बालकल्याण समिति, २०६९) ।

## १.२ समस्याको कथन

सडक बालबालिकाहरूको समस्या संसारकै समस्या हो । नेपालमा विभिन्न सरकारी र गैर सरकारी संस्थाहरूले दशकदेखि सडक बालबालिकाको क्षेत्रमा कार्यक्रम गरिरहेका छन् तर पनि सोचे जस्तो राम्रो सुधार गर्न भने सकिएको छैन । त्यति हुँदाहुँदै पनि यस क्षेत्रमा केही हदसम्म सुधार चाहिँ आएको छ । साथसाथै कति पुनर्स्थापना केन्द्रहरूले भन्ने गरेका छन् कि “हामीले सडक बालबालिकाहरूको आधारभूत आवश्यकता पूरा गरि दिएका छौँ साथै उनीहरूको परिवारसँग पुनः मिलन पनि गराएका छौं । जसले गर्दा सडक बालबालिकाहरूको सङ्ख्यामा पनि कमी आएको छ ।” के यी कुराहरू व्यवहारिकतामा लागु भएका छन् त ? यी प्रश्नको उत्तर पहिल्याउनका लागि नै यस क्षेत्रलाई छनोट गरी अनुसन्धान गर्न खोजिएको हो । यस शोधकार्यलाई निम्न समस्यामा आधारित बनाई सम्पन्न गरिएको छ ।

- बालबालिकाहरूले घर, परिवार छोडेर सडक जीवन शुरु गर्ने विशिष्ट कारणहरू के के हुन् ?
- सडकमा बस्दा र पुनर्स्थापना केन्द्रमा बस्दा बालबालिकाहरूको अवस्थामा कस्तो फरक आएको छ ?
- पुनर्स्थापना केन्द्रमा बस्ने बालबालिकाहरूको शैक्षिक अवस्था कस्तो छ ? जस्ता कुराहरुलाई अध्ययनको समस्या मानी सो कुराहरुको खोजी गर्न यो अनुसन्धान केन्द्रित रहेको छ ।

## १.३ अध्ययनको उद्देश्य

सरकारी वा अन्य कुनै पनि संघ संस्थाले बालबालिकासँग सम्बन्धित काम कुरा गर्दा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनुपर्छ भन्ने कुरा बालअधिकार सम्बन्धी महासन्धि १९८९ धारा- ३ मा उल्लेख गरिएको त छ । वास्तवमा नै पुनर्स्थापना केन्द्रहरूले बालअधिकार सम्बन्धी महासन्धि १९८९ धारा-३ मा उल्लेख गरिएका कुराहरूलाई पालना गरेका छन् कि छैन्न ? त्यस्तै गरी पुनर्स्थापना केन्द्रमा आउने बालबालिकाको जीवनमा कस्तो परिर्वतन आएको छ भन्ने विषयमा अध्ययन केन्द्रित रहको छ ।

### १.३.१ सामान्य उद्देश्य

यस अध्ययनको उद्देश्य पुनर्स्थापना केन्द्रले सडक बालबालिकाको व्यक्तित्व र जीवनमा पारेको प्रभावमा केन्द्रित रहेको छ ।

### १.३.२ विशिष्ट उद्देश्य

अध्ययन कार्यलाई सम्पन्न गर्नका लागि यसका मुख्य उद्देश्यहरूलाई ध्यानमा राख्नुपर्ने हुन्छ । उद्देश्य अनुसार अध्ययन कार्य सम्पन्न गर्नका लागि तपशिल बमोजिमका विशिष्ट उद्देश्य निर्धारण गरिएको छ :

क) पुनर्स्थापना केन्द्रमा बस्ने बालबालिकाहरूको शैक्षिक अवस्थामा केन्द्रले पारेको प्रभाव अध्ययन गर्ने ।

ख) पुनर्स्थापना केन्द्रमा बस्ने बालबालिकाहरूको सामाजिक तथा जनसांख्यीकिय विशेषताको अध्ययन गर्नु ।

## १.४ अध्ययनको महत्व

यस अध्ययनले विशेष परिस्थितिका कारण आफ्नो घर परिवारबाट टाढा भएर सडकमा आफ्नो भविष्य खोजि हिँडेका सडक बालबालिकाहरू, जो आफ्ना आधारभूत आवश्यकताहरू पूरा गर्न नसकेका, अरुको अपहेलना सहेर बसेका, उचित खानपान, हेरचाह, शिक्षा नपाएका बालबालिकाहरू पुनर्स्थापना केन्द्रमा आएपछि उनीहरूको जीवनमा आएका परिर्वतनलाई अध्ययन गर्नेछ । प्रायजसो अनुसन्धानमा सडक बालबालिकाहरूको मात्र अध्ययन गरेको पाइएको छ । पोखरा लेखनाथ महानगरपालिका वडा नं. ७ र १५ रहेका पुनर्स्थापना केन्द्रको बालबालिकाको शैक्षिक स्तरमा पारेको प्रभाव सम्बन्धी कसैले पनि अध्ययन नगरेको र आगामी दिनहरूमा यस विषयमा थप जान्न चाहनेहरूका लागि समेत मार्ग निर्देशक हुनेछ भन्ने आशा गरिएको छ ।

## १.५ अध्ययनका सीमाहरू

सडक बालबालिकाहरूको खाना, बस्न, स्वास्थ्य र सुरक्षाको व्यवस्थापन गर्न, उनीहरूको अन्धकार, अन्योलपूर्ण, एक्लो भविष्यलाई निश्चित दिशा दिने क्रममा विगत धेरै वर्षदेखि सरकारी तथा गैर सरकारी संस्थाहरूको सहयोगमा धेरै आवासीय बालगृहहरू खोलिएका छन् तर ती सबै गृहहरूको अध्ययन गर्न स्रोत, साधन र समयले नभ्याउने हुनाले केवल

पोखरा लेखनाथ महानगरपालिका वडा नं. ७ र १५ मा रहेका ४ वटा पुनर्स्थापना केन्द्रहरूलाई मात्र आधार मानिने छ । यी पुनर्स्थापना केन्द्रमा रहेका १०२ जना बालबालिकालाई जनगणना विधि अपनाइएको छ । त्यस्तै गरी पुनर्स्थापना केन्द्रमा आउनु पूर्व र पश्चातका अवस्थाहरू, पुनर्स्थापना केन्द्रहरूले उनीहरूको जीवनमा पारेका प्रभावलाई अध्ययनमा जोड दिइने छ । त्यसबाहेक बालबालिकाको परिवारिक विविध पाटालाई समेटी शिक्षामा आएको परिवर्तनलाई विशेष जोड दिइएको छ । अध्ययनका सीमाहरूलाई निम्न बुँदाहरूमा उल्लेख गरिएको छ :

क) यो अध्ययन पोखरा लेखनाथ महानगरपालिका वडा नं. ७ र १५ भित्र रहेका ४ वटा पुनर्स्थापना केन्द्रमा रहेका बालबालिकामा केन्द्रित रहेको छ ।

ख) पुनर्स्थापना केन्द्रभन्दा बाहिर सडकमै रहेका बालबालिकालाई यस अध्ययनले समेटेको छैन ।

ग) पुनर्स्थापना केन्द्रले बालबालिकाको शिक्षामा ल्याएको परिवर्तन बाहेक अन्य विषयमा शोध मौन रहेको छ ।

## १.६ पारिभाषिक शब्दावलीहरु

**आवासीय बालगृहः** आवासीय बालगृह भन्नाले बालबालिकाको हेरचाह र संरक्षणको लागि नेपाल सरकार वा स्थानीय निकायले वा कुनै संस्थाले प्रचलित कानुनअनुसार स्वीकृति लिई स्थापना गरेर सञ्चालनमा ल्याएका बालगृह भन्ने सम्झनुपर्छ । आवसीय बालगृहले जोखिममा पर्न सक्ने सम्भावना भएका बालबालिकालाई उचित स्याहार, माया ममता , शिक्षा दिदै आफ्नो संरक्षणमा राख्छन् । आवसीय बालगृहमा उद्धार गरिएका बालबालिकालाई लामो समयसम्म गृहमा बस्ने गर्दछन् ।

**पुनर्स्थापना केन्द्रः** पुनर्स्थापना केन्द भन्नाले कुनै पनि जोखिममा परेका पिडित बालबालिकाहरुको उद्धार, हेरचाह वा पून:लाभ गर्ने उद्वेश्यले सरकारी तथा गैर सरकारी क्षेत्रहरुले स्थापना गरेको आवसीय गृह भन्ने बुझ्नुपर्छ । पुनर्स्थापना केन्द्रले जोखिममा परिसकेका बालबालिकाहरु/ पिडितको स्वास्थ्य परिक्षण गराइ, उनीहरुको अवस्था हेरि केहि महिना देखि केहि वर्षसम्म आफ्नो संरक्षणमा राख्ने गर्दछन् ।

## १.७ अध्ययनको सङ्गठन

यस अध्ययनलाई ६ अध्यायमा विभाजन गरी प्रस्तुत गरिएको छ।

**अध्याय एकः** परिचयात्मक खण्डसँग सम्बन्धित छ । यसमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमा र अध्ययनको सङ्गठनलाई समेटिएको छ।

**अध्याय दुईः** पूर्व साहित्यको पुनरावलोकनमा केन्द्रित छ । यस अध्यायमा अध्ययनको विषयसँग सम्बन्धित विभिन्न पुस्तकहरु, सिद्धान्तहरु तथा लेख, रचनाहरुलाई पुनरावलोकन गर्ने कार्य सम्पन्न गरिएको छ।

**अध्याय तिनः** प्रस्तुत अध्ययनलाई सम्पन्न गराउने क्रममा अपनाइएका अनुसन्धान पद्दतिका बारेमा उल्लेख गरिएको छ । यसलाई, अध्ययन क्षेत्र छनोट, अध्ययन ढाँचा, तथ्याङ्कको स्रोत, तथ्याङ्क सङ्कलन विधि, विश्लेषण र प्रस्तुतीकरण आदि विभिन्न भागमा विभाजन गरिएको छ।

**अध्याय चारः** यो अध्ययनको मुख्य भाग हो । यसमा अध्ययन क्षेत्रका उत्तरदाताहरुको उमेर, धर्म, पारिवारिक पृष्ठभूमिसँग सम्बन्धित रही प्राप्त तथ्याङ्कलाई विवरणात्मक एवम् वर्णनात्मक तरिकाले विश्लेषण गरी त्यसलाई प्रस्तुत गरिएको छ।

**अध्याय पाँचः** पुनर्स्थापना केन्द्रले सडक बालबालिकाको शैक्षिक जीवनमा पारेको प्रभावसँग सम्बन्धित रहेर तयार पारिएको छ । यसमा उत्तरदाताबाट प्राप्त विविध पक्षलाई समेटेर प्रस्तुत गरिएको छ।

**अध्याय छः** मा साराशं, निष्कर्ष लगायत सुझावलाई समेटिएको छ । यस अध्ययनको अन्त्यमा सन्दर्भ सामग्री, प्रश्नावली अनुसूचि, फोटो आदि समावेश गरिएको छ।

# अध्याय दुई

# पूर्व साहित्यको समीक्षा

## २.१ सैद्धान्तिक समीक्षा

समाजशास्त्रीहरूले कुनैपनि विषयका अध्ययन अनुसन्धान गर्दा अध्ययन अनुसन्धानको विषयलाई समाजशास्त्रमा विकसित सिद्धान्तहरू सम्बन्धित एक वा बढी सिद्धान्तसँग सम्बन्धीत गरेर अनुसन्धान गर्नुपर्दछ । यसरी अनुसन्धान गर्दा बढी वैज्ञानिक, सैद्धान्तिक हुने हुँदा यस प्रस्तुत विषयको अनुसन्धानमा केही सिद्धान्तहरूको दायराभित्र बसेर अनुसन्धान गरिएको छ ।

### आधुनिकीकरणको सिद्धान्त

अमेरिकन समाजशास्त्री नेल जोसेप स्मेल्सरल (Smelser, Neil J. (1993). सामाजिक परिवर्तनको मुख्य पक्षको रुपमा आधुनिकीकरणको प्रक्रियालाई लिएका छन् । उनका अनुसार आधुनिकीकरण भनेको समाज रुपान्तरणको महत्वपूर्ण प्रक्रिया हो । यही प्रक्रिया र पृष्ठभूमिबाट सामाजिक संरचनामा आउने विविधीकरण, एकीकरण र अनुकूलनले समाजलाई परिवर्तनोन्मुख गराउँछ । सामाजिक परिवर्तन र आधुनिकीकरणका प्रक्रियाहरू सामाजिक परिवर्तन र रुपान्तरणका निम्ति अत्यन्तै महत्त्वपूर्ण अवधारणा भएको तथ्यलाई उल्लेख गरेका छन् । नेल जोसेप स्मेल्सरको आधुनिकीकरणको सिद्धान्तलाई समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा एउटा बालक अथवा बालिका सडक बालबालिकाको रुपमा आधुनिकीकरणकै कारण रुपान्तरित हुने गरेका छन् । आधुनिकीकरणसँगै भित्रिएको टेलिभिजन, चलचित्र, गाडी र अन्य सुविधाका साधनका कारण बालबालिकाको कलिलो मस्तिष्कले सहरको रंङ्गीन जीवनको कल्पना गर्न थाल्दछन् र आफूलाई पनि चलचित्रको पात्र जस्तै काल्पनिक हिरो सम्झेर आफ्नो घर, परिवार छोडेर सहरतिर पस्छन् । सहरमा उनीहरूको उमेर, क्षमता र सीप आदिको अपरिपक्वताको कारणले सडकमा आश्रय लिनु बाहेक उनीहरूको लागि अर्को विकल्प रहँदैन ।

## शहरीकरण सिद्धान्त

एडवर्ड सोजा र माइगुल कयानई (२००६:५) (Soja, Edward, and Miguel Kanai. (2006) का अनुसार जीवन शैलीको रुपमा शहरीवाद, एक ऐतिहासिक केन्द्रीय शहरमा सीमित छ, बढ्दो मात्रामा फैलिएको शहरी घनत्व "बाह्य" र "किनारा" शहरहरु जो हाल उपनगरीय फ्रिङ्गहरु र हरियो क्षेत्र वा ग्रामीण साइटहरु थिए । केही क्षेत्रमा शहरीकरणलाई अझ ठूलो क्षेत्रीय रुपमा विस्तार गरिएको छ, समाजको परम्परागत स्वरुप बाह्य कारण शहरीकरणले गर्दा प्रभावित हुन पुग्दछ । यो अवस्थामा शहरीकरणको सिद्धान्त महत्वपूर्ण हुन्छ । अन्तर्राष्ट्रिय समाजसँगै मानव समुदायको निर्माण गर्नुका साथै सहिष्णु तथा दिगो शहरीकरण प्रक्रियालाई अगाडि बढाएर मानव बसोबास वातावरणलाई श्रेष्ठ पार्नुपर्ने हुन्छ । भविष्यमा विश्वव्यापी शहरको विकासको मोड लिएर नयाँ सिर्जना, समन्वय, क्रान्ति र शेयरको सिद्धान्त लिएर शहरको डिजाइनलाई सबल पार्ने, इतिहास तथा संस्कृतिको सुरक्षा गर्ने, शहरको सार्वजनिक सेवालाई सुधार पार्ने, उर्जा र जलको बचत गर्ने र शासकीय स्वरुपमा नयाँ सिर्जना गर्नुपर्ने आवश्यकता रहेको छ । हाम्रा सामाजिक मूल्य र मान्यताहरुले बालबालिकालाई एउटा पूर्ण मानवको रुपमा व्यवहार गर्न रोकावट पैदा गर्दछन् भने कतिपय बालबालिकाहरु पारिवारिक कलह र दुर्व्यवहारको सिकार हुन पुग्दछन् । सहरका चमकधमकबाट प्रभावित भई मनमा सहरी जीवन बिताउने इच्छा पालेका बालबालिकाहरुमाथि नकारात्मक कारणले गर्दा ग्रामीण भेगबाट सहर तिर जाने मानसिक दबाब पर्दछ तर सहरमा सजिलो वातावरण नहुनाले विभिन्न कठिनाइ, अपहेलना भोगेपछि उनीहरुको एकमात्र आश्रय स्थल सडक बन्न पुग्दछ । हाम्रो देशमा बढ्दो शहरीकरणसँगै उत्पन्न भएका समस्याहरु मध्ये सडक बालबालिकाको समस्या एक जटिल समस्याको रुपमा देखा परेको छ ।

## मार्क्सवादी सिद्धान्त

कार्ल मार्क्सको जन्म पर्सिया (जर्मनी) को ट्रियर नगरमा सन् १८१८ को मे ५ का दिन भएको थियो । मार्क्सवाद अनुसार समाजभित्र रहेका सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि पक्षहरु मध्ये समाजको परिवर्तन र विकासको लागि आर्थिक पक्ष प्रमुख रुपमा जिम्मेवार हुन्छ । आर्थिक पक्ष बाँच्नका निम्ति चाहिने साधनको उत्पादनसँग सम्बन्धित छ । जसले समाजमा जग र आधारको काम गर्दछ । समाजको यही आर्थिक

आधारमा राजनीति, धर्म, संस्कृति, नैतिकता, मूल्यमान्यता आदि अन्य पक्षहरु टिकेका हुन्छन् । आर्थिक आधारमा आएका परिवर्तनले सम्पूर्ण समाजिक संरचनामा परिवर्तन ल्याउँदछ । समाजमा विद्यमान वर्गहरुको स्वरुप आर्थिक हुन्छ र उत्पादनका साधनहरुको स्वामित्वको आधारमा वर्ग विभाजन हुन्छ । उत्पादनका साधनहरुमा जुन वर्गहरुको हात हुन्छ उक्त वर्गले आफ्नो शक्तिको प्रयोग गरी उत्पादनका साधन विहीन वर्गको श्रम शोषण गर्दछ । मूलतः सामान्तवादी उत्पादन सम्बन्ध रहेको ग्रामीण क्षेत्रमा उत्पादन साधन नभएका वर्गहरु माथि हुने निर्मम शोषणले गर्दा मानिसहरुले आफ्नो परिवारको न्यूनतम आवश्यकता पनि पूरा गर्न सक्दैनन् यस्तो अवस्थाले गर्दा परिवारलाई सहयोग गर्न बालबालिकाको क्षमता भन्दा बढी श्रम गर्न लगाइन्छ जसले गर्दा उनीहरुका विकासका बाटाहरु अवरुद्ध हुन पुग्दछन् । त्यसमाथि सामान्तवादी उत्पादन सम्बन्धको सहउत्पादनको रुपमा रहेका पारिवारिक हिंसा, दुर्व्यवहार, सौतेनी व्यवहारले असह्य भई बालबालिकाहरु घर छाडेर शहरतिर पलायन हुन बाध्य हुन्छन् । सहरमा उमेर, क्षमता र सीप आदिले अपरिपक्वताको कारणले सडकमा आश्रय लिनु बाहेक उनीहरुका लागि अर्को बिकल्प रहँदैन । समुदायमा भएको कम जग्गा जमिन वा जग्गा जमिन नै नभएका व्यक्तिहरुले आफ्नो जग्गा जमिनबाट उब्जनी भएको आयले जीवन निर्वाह गर्न सक्दैनन् र ज्याला मजदुरी गरी आफ्नो र परिवारको जीवन निर्वाह गर्न बाध्य हुन्छन् । सामान्तवादहरुले निम्नवर्गहरुलाई श्रमको उचित ज्याला दिँदैनन् र कम ज्यालाले पेट पाल्न कठिन हुने हुँदा आफ्ना छोराछोरीलाई समेत बालश्रममा लगाउन पर्ने स्थितिको सृजना हुन्छ । जति काम गरेपनि पेटभरी खान धौ-धौ भएपछि आफ्नो भएको थोरै जग्गा जमिन पनि साहुलाई बन्दक दिएर पैसा लिन बाध्य हुन्छन् । सामान्तवादीहरुले लिने चर्को ब्याज तिर्न नसक्दा बन्दक जग्गा पनि लिलाम हुन पुग्दछ जसको फलस्वरुप उनीहरु सर्वहारा वर्गमा परिणत हुन्छन् । सामान्तहरुका कारण समाजमा भएका सर्वहारा वर्गले गाँउ छाडेर शहरका छेउछाउमा सुकुम्वासी जीवन यापन गरेका हुन्छन् । बाबुआमाको स्थितिको कारण आफ्नो पेट पाल्नका लागि पनि बालबालिकाहरु आफू बसेको समाजको कारण नै सडक जीवन बिताउन विवश हुन्छन् (सुवेदी ,२०६८) ।

## २.२ पूर्व साहित्यको समीक्षा

सडक बालबालिकाहरूले मुख्यतया प्लाष्टिक, फलाम, कागज, खाली सिसी आदि संङ्कलन गरी कवाडी पसलमा बेच्ने, विशेषगरी पर्यटकहरूसँग पैसा माग्ने, होटलमा भाँडा माझ्ने, बस -टेम्पोमा खलासीको काम गर्ने, भारी बोक्ने, गाडीहरू धुने, पुछ्ने ,सानातिना सामान र

पत्रपत्रिका बेच्ने, जुत्ता पालिस गर्ने आदि काम गर्दछन् । कतिपय बालबालिकाहरू सानातिना सामान चोरी गर्ने, पाकेट मार्ने तथा लागूपदार्थ ओसार पसार गर्ने जस्ता असामाजिक कार्यहरूमा समेत संलग्न भएको देखिएका छन् । यस्तै गरी धेरै सडक बालबालिकाहरू बालश्रमको सिकार हुन पुगेका छन् भने उनीहरुले खाते जस्तो उपनाम पनि पाएका छन् , जसलाई अंग्रजीमा 'Rag Pickers' भनिन्छ । सडक बालबालिकाहरूमाथि कसैको पनि संरक्षण र नियन्त्रण नहुने हुनाले एकातिर उनीहरूमाथि विविध प्रकारका शोषण, उत्पीडन र दुर्व्यवहारको सम्भावना रहन्छ भने अर्कोतिर लागूपदार्थको प्रयोग र ओसार पसार, असुरक्षित सुईको प्रयोग, यौन दुर्व्यवहार आदिद्वारा कानुनी कारवाहीमा पर्नुका साथै एचआईभी एड्स जस्तो प्राणघातक रोग लाग्न सक्ने सम्भावना पनि त्यत्तिकै रहन्छ । नेपालमा सडक बालबालिकाहरूलाई आश्रय दिने क्रममा विभिन्न पुनर्स्थापना केन्द्रहरू स्थापना भएका छन्, जसले सडक बालबालिकाको अन्धकार, अन्योल, एक्लो भविष्यलाई निश्चित दिशा दिने क्रममा विगत धेरै वर्षदेखि प्रयास गरिरहेका छन् । पुनर्स्थापना केन्द्रमा आउने बालबालिकाहरूको खाना, बस्न, स्वास्थ्य र सुरक्षाको व्यवस्था हुन्छ । बालबालिकाको क्षेत्रमा हालसम्म भएका अध्ययन अनुसन्धान खोज्ने क्रममा निकै नै कठिनाइ भयो । किनभने बालबालिकाको क्षेत्रमा अध्ययन र अनुसन्धानको आवश्यकता नदेखेर हो वा कसैले पनि चासो नलिएकाले हो, यस क्षेत्रमा अनुसन्धानको अभाव खड्किरहेको देखियो । नेपालमा सन् १९८९ मा संयुक्त राष्ट्रसंघको महासभाले बालअधिकारसम्बन्धी महासन्धि पारित गरेपश्चात् नेपालले उक्त सन्धिलाई १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको थियो (CWIN, 1990)।

सडक बालबालिकाको सामाजिक आर्थिक अवस्था बुझ्न पोखरा सडक बालबालिकाको बारेमा एक अध्ययन गरेको देखिन्छ । उक्त अध्ययनमा ‘पोखरामा रहेका सडक बालबालिकाको अवस्था, समाजले पारेको असर, उनीहरूप्रति समाजको दृष्टिकोण’ भन्ने विषयमा केन्द्रित रहेर अध्ययन गरेको देखिन्छ (Shrestha, 2011)।

अनाथ बालबालिकाको संरक्षण सम्बन्धी एक अध्ययन गरेको देखिन्छ । उक्त अध्ययनमा पोखरामा अवस्थित नमस्ते बालगृहमा आश्रित बालबालिकाको दिनचर्या, उनीहरूले त्यहाँ पाएको सुविधा र समाजले हेर्ने दृष्टिकोणको मात्र अध्ययन गरेको देखिन्छ (गौतम शर्मा, २०७१) ।

बालबालिकाहरूको विषयका विभिन्न क्षेत्रहरूमा अध्ययन अनुसन्धान गरिएको भए तापनि सडक बालबालिकाको जीवनमा पुनर्स्थापना केन्द्रले कस्तो प्रभाव पार्न सक्छ भन्ने विषयमा अध्ययन अनुसन्धान नभएकाले यस अध्ययनलाई मैले लिएकी हुँ । यस अध्ययनले सडक बालबालिका र पुनर्स्थापना केन्द्रका बारेमा एक महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने पनि विश्वास मैले लिएकी छु ।

## विश्वमा बालबालिकाको अवस्था

बालबालिका समाजका ऐना र भविष्यका पूर्वाधार हुन् । प्रत्येक बालबालिकाले माया, स्नेह शान्ति, समझदारी र सुरक्षाभित्र रहेर समय सापेक्ष शिक्षा दीक्षा एवम् स्वास्थ्य सुविधा पाउनु उनीहरूको नैसर्गिक अधिकार हो । बालबालिकालाई जन्मनुपूर्व तथा जन्मेपछि १८ वर्ष पूरा नभएसम्म आवश्यक पर्ने सबै आधारभूत आवश्यकता तथा अवसरहरू प्राप्त गर्ने कानुनी हैसियतलाई नै बाल अधिकार भनिन्छ । संसारमा हुने जुनसुकै प्राकृतिक तथा मानव सृजित विपत्तिको पहिलो सिकार भने बालबालिका नै हुने गरेका छन् । बालबालिकाको अवस्थासम्बन्धी विश्वव्यापी तथ्याङ्कहरूले भने विश्वमा बालबालिकाको अवस्थामा सुधारका संकेतहरू देखाएका छन् । बितेका केही दशकहरूमा विश्वमा भएका विकासका क्रमहरूसँगै मानिसहरूको स्वास्थ्य उपचार, शिक्षा, रोजगार आदिमा बढ्दो पहुँचसँगै समग्र मानिसहरूको अवस्थामा आएको सुधारले विश्वमा बालबालिकाको अवस्थामा पनि धेरै सुधारका संकेतहरू देखिएका हुन् । सन् १९६० तिर विश्वमा झण्डै २ करोड बालबालिकाहरूले आफ्नो पाँचौ जन्मदिन मनाउन पाउँदैनथे । हाल सो सङ्ख्या घटेर ७० लाख भन्दा कम भैसकेको छ । विश्वव्यापी रुपमा संचालन गरिएका पोषण, पोलियो, दादुरा, भिटामिन ‘ए’ जस्ता कार्यक्रमहरूको सफलताले बालबालिकाको स्वास्थ्य स्थितिमा सुधार ल्याउन मद्दत गरेको हो । स्वच्छ खानेपानीको उपलब्धतामा वृद्धि र सरसफाइको अवस्थामा सुधार आएको छ । शिक्षाको विकाससँगै आम मानिसहरूमा आएको चेतनाले निराशाजनक तथ्याङ्कहरू घटाउँदै लगेका हुन । सन् २०३० सम्ममा यो सङ्ख्या ३६ लाखमा सिमित गर्ने दिगो विकासको लक्ष्य रहेको छ । बालबालिकाको अवस्थामा आएको सुधारको वावजुद पनि विश्वमा अझै धेरै बालबालिका निमोनिया र झाडापखालाबाट ज्यान गुमाउन बाध्य छन् । बालमृत्युको ५० प्रतिशत हिस्सा त कुपोषणले नै ओगटेको छ । गर्भावस्था र प्रसुतिको समयमा उचित स्याहार र हेरचाहको अभावमा कैयौं आमा तथा नवजात शिशुको मृत्युको

सङ्ख्याले पाँच वर्ष मुनिका बालबालिकाको मृत्युको झण्डै ४० प्रतिशत हिस्सा ओगटेको छ (UNICEF, 2016)।

विश्वमा बालबालिकाको अवस्थालाई तथ्याङ्कीय रुपमा केही महत्वपूर्ण सूचकहरूका आधारमा हेर्दा बालबालिकाको अवस्थालाई अझ नजिकबाट मूल्याङ्कन गर्न सजिलो हुन्छ । विश्व, दक्षिण एसिया र नेपालका बालबालिकाको अवस्थासम्बन्धी तुलनासहितको विवरण तलका शीर्षकहरूमा प्रस्तुत गरिएको छ ।

## नेपालमा बालबालिकाको अवस्था

नेपालमा ५ वर्षदेखि १८ वर्षमुनिका उमेर समुहका बालबालिकाको सङ्ख्या७७ लाख ७० हजार मध्ये ४०.४ प्रतिशत अर्थात जम्मा ३१ लाख ४० हजार बालबालिका रोजगारीमा (काममा) संलग्न देखिन्छन् । जसमध्ये १६ लाख बालबालिका ५१ प्रतिशत बालश्रमको समूह भित्र पर्दछन्, जसले गर्दा उनीहरूको शिक्षामा अवरोध पुग्ने, स्वास्थ्य वा शारीरिक मानसिक, भावनात्मक, नैतिक वा सामाजिक विकासमा हानि पुग्ने सम्भावना हुन्छ (बराल, २०७१) ।

वि.सं. २०६८ को जनगणना अनुसार नेपालको जनसङ्ख्या वृद्धिदर १.४० प्रतिशत प्रतिवर्ष रहेको छ । वि.सं २०६८ को जनगणना अनुसार १४ वर्ष भन्दा कम उमेरका बालबालिकाको सङ्ख्या१,०१,६८,५०० रहेको देखिएको छ । जुन कुल जनसङ्ख्या २,६४,९४,५०४ मध्येको ३५.५७ प्रतिशत हो । नेपालको जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण २००६ अनुसार कुल जन्मदर ३.१ प्रति महिला रहेको छ भने १ वर्ष भन्दा कम उमेरका शिशुहरूको मृत्युदर ४८ प्रति हजार र ५ वर्ष मुनिका बालबालिकाको मृत्युदर ६१ प्रतिहजार रहेको छ । स्थानीय विकास मन्त्रालयका अनुसार वि.सं २०६६ सालमा कुल ५,२५,६१५ जना बालबालिकाको जन्मदर्ता भएको तथ्याङ्क छ । जसमा २,४६,३६९(४६.८६%) बालक र २,७९,३४६ (५३.१%) बालिका रहेका थिए । सन् २००१-२०११) को अवधिमा बालबालिकाको जन्मदर ४.१ बाट घटेर २.६ भएको छ (CBS, 2012)।

## कास्की जिल्लाको बालबालिकाको जनसङ्ख्या

देशको जनसङ्ख्या सम्बन्धी तथ्याङ्क अद्यायावधिक गर्ने एक मात्र आधिकारिक निकाय केन्द्रीय तथ्याङ्क विभाग हो । केन्द्रीय तथ्याङ्क विभागद्वारा प्रकाशित राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन अनुसार कास्की जिल्लाको कुल जनसङ्ख्या ४,९२,०९८ रहेको छ । जसमा पुरुष २,३६,३८५ र महिला २,५५,७१३ रहेका छन् भने बालबालिकाको जनसङ्ख्याको यथार्थ स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.१: कास्की जिल्लाका बालबालिकाको कूल जनसङ्ख्या**

| उमेर समूह | वि.सं २०५८ (सन् २००१) | | | वि.सं २०६८ (सन् २०११) | | |
|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| ०-४ वर्ष | २०,६०२ | २१,९९८ | ४२,६०० | १७,३४५ | १९,७६१ | ३७,१०६ |
| ५-९ | २०,८९९ | २१,६१६ | ४२,५१५ | २२,६४२ | २४,४१४ | ४७,०५६ |
| १०-१४ | २३,३५२ | २३,०५८ | ४६,४१० | २७,९७५ | ३०,०६८ | ५८,०४३ |
| १५-१८ | २३,०११ | २३,०९५ | ४६,१०६ | २८,५५४ | ३०,७३९ | ५९,२९३ |
| जम्मा | ८७,८६४ | ८९,७६७ | १,७७,६३१ | ९६,५१६ | १,०४,९८२ | २,०१,४९८ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

तालिका १ अनुसार नेपालमा १०/१० वर्षभित्र गरिने जनगणना २०५८ र २०६८ अनुसार भर्खर जन्मेदेखि १८ वर्षभित्रका बालबालिकाको यथार्थ तथ्याङ्क प्रस्तुत गरिएको छ । जसमा वि.सं २०५८ को जनगणनामा कुल जनसङ्ख्या मध्ये १८ वर्ष मुनिका बालबालिकाको सङ्ख्या बालिका ८७,८६४ र बालक ८९,७६७ गरी जम्मा १,७७,६३१ रहेको पाइन्छ । त्यस्तैगरी वि.सं. २०६८ सालको जनगणना अनुसार कुल जनसङ्ख्यामध्ये बालिकाको सङ्ख्या ९६,५१६ र बालकको १,०४,९८२ गरी जम्मा २,०१,४९८ रहेको पाउन सकिन्छ ।

## श्रमिकका रुपमा कार्यरत बालबालिका

कुनै पनि बालबालिकालाई उनीहरूको स्वास्थ्य, शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा सामाजिक विकासमा नकारात्मक प्रभाव पर्ने गरी तथा उनीहरूको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित हुने गरी काममा लगाइनु नै बालश्रम हो । संरक्षणको दृष्टिले विभिन्न जोखिममा

रहेका बालबालिका बालश्रमको क्षेत्रमा आउने र बालश्रमको क्षेत्रमा रहेका बालबालिकाले अरु विभिन्न जोखिमहरूको सामना गर्नुपर्ने भएकोले बालश्रमलाई बालबालिकाको जोखिमको कारण र असर दुवै रुपमा लिनुपर्ने हुन्छ । त्यसैले कलिलो उमेरमै श्रम बेचेर बाँच्न बाध्य बालबालिकालाई विशेष संरक्षणको आवश्यकता भएको बालबालिकाको रुपमा लिनुपर्ने हुन्छ । त्यसमा पनि निष्कृष्ट प्रकारको श्रममा संलग्न बालबालिकालाई अझ बढि प्राथमिकता दिइनुपर्ने हुन्छ । बाल श्रम निषेध र (नियमित) गर्ने ऐन, २०५६ ले १४ वर्ष मुनिका बालबालिकालाई श्रममा लगाउन नपाईने व्यवस्था गरेको छ । तथापि नेपालमा श्रममा संलग्न रहेका त्यो उमेर समूहका बालबालिकाको सङ्ख्या उल्लेखीय रहेको छ । आधाभन्दा बढि शहरी जनसङ्ख्यारहेको कास्की जिल्लामा बढ्दो शहरीकरण र औद्योगिकरणले बालबालिकाको श्रममा संलग्नता दरमा कस्तो प्रभाव पारेको छ त्यस बारेमा जिल्ला स्तरमा कुनै पनि अध्ययन नभएको अवस्थामा सन् २०१० मा यूनिसेफको सहयोगमा र सम्बन्धित नगरपालिकासँगको सहकार्यमा सिविन नेपाल नामक गैरसरकारी संस्थाले कास्की जिल्लाका पोखरा र लेखनाथ गरी दुई नगर क्षेत्रभित्र श्रममा रहेका बालबालिको सर्वेक्षण सम्पन्न गरेको थियो । उक्त सर्भेक्षण कार्यका लागि नगर क्षेत्रका प्रत्येक घरधुरीमै पुगि घरधुरी सर्भेक्षण गरिएको थियो भने सर्भेक्षण कार्य सन् २०१० को अगस्ट देखि सेप्टेम्वर सम्म गरिएको थियो । सो सर्भेक्षणको प्रतिवेदन अनुसार बालबालिकाहरू विभिन्न १४ प्रकारका श्रमका क्षेत्रमा कार्यरत रहेका छन् । पोखरा नगर क्षेत्रभित्र जम्मा १,३८३ जना र लेखनाथ नगर क्षेत्रभित्र जम्मा ८९ जना बालबालिका बालश्रममा संलग्न भएको पाईएको छ । पोखरा नगर क्षेत्रका श्रमिक बालबालिकामध्ये ४१ प्रतिशत र लेखनाथ नगर क्षेत्रका श्रमिक बालबालिकामध्ये ५८ प्रतिशत बालबालिका १४ वर्षभन्दा कम उमेरका रहेका छन् । प्रत्येक श्रमिक बालबालिकाको दैनिक औषत कार्यघण्टा छ घण्टा भन्दा बढि नै रहेको छ । पोखरा नगर क्षेत्रमा जम्मा १,३८३ जना बालश्रमिक रहेकोमा घरेलु बालश्रममा जम्मा ६०८ जना बालबालिका र लेखनाथ नगर क्षेत्रमा जम्मा ८९ जना बालश्रमिक रहेकोमा घरेलु बालश्रममा जम्मा ५२ जना बालबालिका संलग्न रहेका छन् । होटल तथा रेष्टुरेण्टमा श्रमिकको रुपमा रहेका बालबालिकाको सङ्ख्या पनि उल्लेख्य देखिन्छ । श्रममा संलग्न रहेका बालबालिकामध्ये पोखरा नगर क्षेत्रमा बालिकाको तुलनामा बालकको सङ्ख्याबढि रहेको छ भने लेखनाथ नगर क्षेत्रमा बालकको भन्दा बालिकाको सङ्ख्या बढि रहेको छ । यस सर्भेक्षणले कास्की जिल्लाका दुईवटा नगर क्षेत्रलाई मात्र समेटेको र जिल्लाका ग्रामीण

क्षेत्रलाई नसमेटेकोहुनाले जिल्लामा रहेका श्रमिक बालबालिकाको सम्पूर्ण तथ्याङ्क भने प्राप्त हुन सकेको थिएन । त्यसैगरी श्रमिक बालबालिकाको क्षेत्रमा कार्यरत विभिन्न निकायहरुको कार्य प्रभावले पनि हाल यो सङ्ख्यामा परिवर्तन पक्कै भएको छ । त्यसको पहिचानका लागि जिल्लामा एक सर्भेक्षण कार्यको खाँचो रहेको छ (बराल, २०७२) ।

## सडक बालबालिकाका क्रियाकलाप तथा भोगाइ सम्बन्धी अध्ययन

धेरै जसो घर छोडेर भागेका बालबालिकाहरू सुरुमा सानोतिनो होटल तथा चिया दोकानमा कान्छाको रुपमा भाँडा माझ्ने काम गर्दछन् । जहाँ उनीहरूलाई १४ देखि १८ घण्टासम्म काममा लगाउनुका साथै सानोतिनो गल्तीमा दुर्व्यवहार र कुटपिट पनि गर्ने गरिन्छ । जसले गर्दा तिनीहरू त्यस ठाउँबाट तलब नलिई भाग्ने गर्दछन् र खाली गोजी सडकमा आइपुग्छन् । खाने केही नभएपछि एकदुई दिन माग्ने काम गर्दछन् र पछि प्लाष्टिक आदि संकलन गर्ने सडक बालबालिकाको साथमा लागेर त्यस्तो काम गर्न थाल्दछन् । बर्षायाममा तिनीहरूले संकलन गर्ने प्लाष्टिक आदि सामानहरू भिज्ने हुनाले कवाड साहुले नकिन्ने हुँदा पैसाको अभावमा फोहोरबाट खानेकुरा खोजेर खाने र नपाएको खण्डमा भोकै सुत्न समेत बाध्य हुन्छन् । कोहीँ कोहीँ आफूले प्लाष्टिकहरू लगेर बेच्ने ठाउँमा सुत्दछन्, जुन कवाड साहुले उपलब्ध गराएको हुन्छ । साधारणतया उनीहरू साँझ पर्न लाग्दा बँच्न र बँस्न सक्ने सुनसान ठाउँ रोजेर सुत्ने गर्दछन् । हाम्रो समाजमा नशाजन्य पदार्थको प्रयोग युवाहरू र विशेष गरी सडक बालबालिका बिच अत्याधिक हुने गरेको छ । यस्ता वस्तुको प्रयोगको फलस्वरुप सामाजिक, मनोवैज्ञानिक र शारीरिक समस्याहरू देखा पर्दछन् । यी वस्तुले अल्पकालीन वा दीर्घकालीन दुवै असर पार्न सक्दछन् । वास्तवमा सडक जीवन बिताइरहेका केटाकेटीहरूका लागि सबैभन्दा ठूलो खतरा भनेको उनीहरू विभिन्न दुर्व्यवहारमा पर्न सक्ने जोखिम नै हो । जसमाथि उनीहरूको नियन्त्रण विल्कुलै हुँदैन या नगण्य मात्रामा हुन्छ । यसमा यौनिक, शारीरिक, नैतिक, एवं भावानात्मक दुर्व्यवहारहरूमा पर्दछन् । यदि एक्लै बालक/बालिका सडकमा बसिरहेको छ भने उ अपराधको संसारमा आउने धेरै सम्भावना हुन्छ । विभिन्न अध्ययन अनुसार सडक बालबालिकामध्ये धेरै विविध प्रकारका आपराधिक कार्यमा संलग्न भएको पाइएको छ । जसमा विशेषतः चोरी, पाकेटमारी, माग्ने काम आदि गर्छन् (महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय (२०७२) ।

गाँस, बास र अन्य आधारभूत आवश्यकता सम्म पहुँचको प्रत्याभूतिबाट बञ्चित भएका सडक बालबालिकाहरू वयस्कहरूको शोषणको सिकार बनेका छन् । त्यस्तै प्रहरीले उनीहरूलाई गैर कानुनी क्रियाकलापमा प्रयोग गर्दछन् । जसले गर्दा उनीहरूको सुस्वास्थ्यमा क्षति पुग्नुका साथै आधारभूत मानव अधिकारको उल्लङ्घन हुन पुग्दछ । भोकद्वारा मात्र उनीहरू पीडित हुँदैनन् , तिनीहरूलाई लागु पदार्थ, देहव्यापार र ओसारपसारको खतरा सधैँ रहन्छ । त्यस्तै ग्लु सुँघ्ने काम सडक बालबालिकामा देखिने एउटा सामान्य दृश्य हो । नेपाललाई विश्वसामु चिनाउने पोखराका मन्दिरहरू आज घरबार विहीनका लागि आश्रयस्थल भएका छन् । सडक बालबालिकाले रातिको समयमा शहरका प्रमुख सडक र मन्दिरहरूमा बस्ती बसाउने गर्दछन्  (CWIN 1997)।

## सडक बालबालिकाको सामाजिक पक्षसम्बन्धी अध्ययन

बालबालिकाविरुद्ध विभिन्न बहानामा हुने बाल अधिकार हननका घटनाहरुले वर्षेनि धेरै बालबालिकालाई जोखिम अवस्थामा पुऱ्याइरहेका छन् । बालबालिकाको शारीरिक, मानसिक वा बौद्धिक, भावनात्मक वा संवेगात्मक र सामाजिक विकासमा तत्कालीन वा दीर्घकालीन रूपमा आघात पुऱ्याउने प्रकारका कुनै पनि घटनामा परी पीडित भएका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका हुन् । सामान्यतया कुनै पनि किसिमको मानव मर्यादाविपरीतको व्यवहार दुर्व्यवहार हो । बालबालिकाको सबै किसिमको विकासमा दीर्घकालीन असर पार्ने प्रकारका व्यवहार जुन कुनै पनि व्यक्ति (खासगरी वयस्क) बाट हुने गर्दछन् ती नै बालदुर्व्यवहार हुन् । बाल यौनशोषण भनेको त्यस्तो प्रकारको शोषण हो जहाँ वयस्कहरूले आफ्नो यौनतृप्तिका लागि बालबालिकाको दुरूप्रयोग गर्दछन् । यस्तै कानुनले निषेध गरेको यौनसम्बन्धी पेसा, व्यवसाय तथा कार्यमा बालबालिकालाई लगाएमा त्यस किसिमको अपराधलाई बालयौनशोषण भनिन्छ । घटनाको संवेदनशिलता तथा त्यसले जीवनमा पार्ने दीर्घकालीन र नकारात्मक प्रभावले गर्दा यौनशोषण, हिंसा र दुर्व्यवहारमा परेका बालबालिकालाई विशेष संरक्षणको आवश्यकता पर्दछ ।

नेपाल सरकारले जोखिम एवम् आपतकालीन अवस्थामा रहेका बालबालिकाको तत्काल उद्धार एवम् संरक्षण गर्ने उद्देश्यले देशका विभिन्न स्थानमा टोल फ्रि फोन नं. (१०९८) सहितको बाल हेल्पलाईन कार्यक्रम संचालनमा ल्याएको छ । पोखरामा यस बाल हेल्पलाईन

कार्यक्रमको संचालन सिविन नेपाल नामक गैह्रसरकारी संस्थाले गर्दै आएको छ । आपतकालिन अवस्थामा रहेका र तत्काल उद्धार गर्नुपर्ने अवस्थामा रहेका बालबालिकाको उद्धार एवम् संरक्षणका लागि स्वयं बालबालिका वा जो कोहीले पनि यो निशुल्क फोन नं. १०९८ मा सम्पर्क गरी सूचना उपलब्ध गराउन सकिन्छ (मल्ल, २०७३) ।

सडक बालबालिका सम्बन्धी विश्लेषणात्मक अध्ययनमा पाइएको सामाजिक कारण अथवा परिस्थिति यस प्रकार रहेका छन् :

- परिवारको आकार र सामाजिक सम्बन्धमा परिवर्तन भएको कारणले जस्तै : आमाबाबु अथवा अभिभावकको मृत्यु भएर केटाकेटीको विल्लिबाँठ हुनाले, आर्थिक भार सम्हाल्नेको मृत्यु भएपछि परिवारको आर्थिक स्थिति बिग्रिनाले, बुवाले दोस्रो आमा ल्याउनाले, बुबा अथवा आमा मात्र भएको घरबाट उचित हेरचाह नपुग्नाले केटाकेटी आफैँ पनि भागेर जाने गर्दछन् । परिवारमा एकभन्दा धेरै पत्नी भएपछि सौता सौताबिच प्रतिस्पर्धाको भावनाले गर्दा पनि केटाकेटीहरूलाई नराम्रो असर पर्न गई तिनीहरू भागेर सडकमा आइपुग्दछन् । सौताको छोराछोरीलाई बुवाआमाले उचित व्यवहार नगर्नाले र बुवा आमाले छोड्नाले पनि ती केटाकेटीहरूलाई कामको भार धेरै भई भागेर सडकमा आइपुग्दछन् (UNICEF,1996) ।
- बाल अपराधका सामाजिक कारणहरूमा विखण्डित परिवार, गरिबी अपराधिक वातावरण, साथी सङ्गतिको प्रभाव, स्कुले जीवन प्रति असन्तुष्टि, चलचित्र र अश्लील साहित्यको प्रभाव तथा गहिरा आन्तरिक इच्छाहरू रहेका छन् । बालबालिकाहरू त्यहाँ उनीहरूको मागको कारणले मात्र सडकमा आइरहेका छैनन् । पृष्ठभागमा रहेको उनीहरूको घरमा यस्ता जटिल कारणहरू विद्यमान छन् । जसले उनीहरूलाई परिवारमा, समुदायमा र विद्यालयबाट बाहिर ठेलिरहेका छन् । जुन सडकमा तानिरहेका कारणहरू भन्दा बलिया छन् (Rao, 2004)।

सडक बालबालिकाहरू त्यस्ता परिवारबाट आएका छन् जहाँ विखण्डन, राजनैतिक द्वन्द्व, गरिबी छ । त्यस्तै ठूला मानिसहरूको मनोवैज्ञानिक दबाव, धार्मिक कट्टरता, अन्धविश्वास तथा जातीय विभेदले पनि उनीहरूलाई सडकमा ल्याएर फालेको छ ।

नेपालको सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक कारण तथा गरिबी, क्षेत्रीय असन्तुलनका कारण तथा स्रोतको असमान वितरणका कारणले नागरिकहरूको जीवन निर्वाह जटिल बन्दै गइरहेको छ । यसको अलावा बेरोजगारी, अशिक्षा र घरेलु हिंसाका कारणले गर्दा पनि परिवार छोडेर बालबालिका सडकमा आउने र त्यहीँ बस्ने गरेको पाइएको छ । त्यसैगरी समाजमा व्याप्त विभिन्न कुरीति, कुसंस्कारले पनि परिवारका सदस्यहरूबीच असहज स्थिति सृजना भई बालबालिका घर छोडेर हिड्ने प्रवृत्ति बढ्दै गएको छ । सडकमा आश्रित बालबालिका पूर्णरूपले सडकमा बसी काम गर्ने खासगरी अनाथ, असहाय तथा परित्यक्त बालबालिका हुन सक्छन् । तिनीहरू परिवाररहित वा परिवारसहित भए पनि सडकमा आश्रित भएका हुन सक्दछन् र आफ्नो परिवारसितको सम्पर्क-सम्बन्धमा नहुन पनि सक्छन् । बालबालिकाले सडकमा जीवनयापन गर्नुलाई निकृष्ट प्रकारको श्रममा संलग्न भएको पनि मानिन्छ । शिक्षा, स्वास्थ्य, पोषण तथा कानुनी अधिकारहरू र अन्य आधारभूत अधिकारहरूको प्राप्तिमा असहज परिस्थितिको कारण ती सबै अधिकारहरूबाट सडकमा आश्रित बालबालिका टाढै रहेका हुन्छन् । त्यसैले सडकमा आश्रित बालबालिकालाई राज्यले विशेष संरक्षण गर्नु पर्दछ । नेपालको संविधान, २०७२ को बालबालिकाको हकसम्बन्धी व्यवस्थामा जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यका लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ । नेपालको सन्दर्भमा सडकमा आश्रित बालबालिका दुई किसिमका रहेका छन्: पहिलो पूर्ण रूपमै सडकमै बस्ने, काम गर्ने र सुत्ने र दोस्रो कमाइका लागि मात्र सडकमा आउने तर बस्न र सुत्नका लागि आफ्ना अभिभावक (अन्य संरक्षक पनि) भएको ठाउँमा जाने बालबालिका र सडकमा आश्रित बालबालिकाको वास्तविक सङ्ख्या पहिचानको कार्य जटिल रहेको छ । सडकमा आश्रित बालबालिकाहरू मौसम अनुसार र अन्य कारणहरूले गर्दा आफू रहने सहर फेरिरहने गर्नाले सङ्ख्या पहिचानको कार्य कठिन भएको हो । तथ्याङ्ककै अभावमा यहाँका सडकमा आश्रित बालबालिकाको संरक्षणका लागि सार्थक र ठोस कार्यक्रमको तर्जुमा पनि हुन सकेको थिएन । सडकमा आश्रित बालबालिकाको संरक्षणमा रहेका विभिन्न चुनौतीका बावजुद यस अध्ययन पश्चात जिल्ला बाल कल्याण समिति कास्कीले सडकमा आश्रित बालबालिकाको संरक्षण तथा पुनर्स्थापनाका लागि जिल्ला बालकल्याण समिति कास्कीको कार्यक्रम तथा रणनीति, २०७३ तर्जुमा गरेको छ । यस कार्यक्रम तथा रणनीतिको

कार्यान्वयनले जिल्लामा सडकमा आश्रित बालबालिकाको संरक्षण सुनिश्चित गर्दै जिल्लालाई सडक बालबालिका रहित जिल्लाको रुपमा परिवर्तन गर्ने छ (भण्डारी, २०७४, पृ ३२) ।

नेपालको संविधानले नेपालका विगत ६ वटा संविधानको तुलनामा सम्रग मौलिक अधिकारका सङ्ख्यात्मक र गुणात्मक दुवै रुपमा धेरै कुरा समेटेको छ भने बालबालिकाको सम्बन्धमा पनि महत्वपूर्ण प्रावधानहरु व्यवस्था गरेको छ र धारा ३९ मा भने विस्तृत रुपमा बालबालिकाको हकमा व्यवस्था गरिएको छ ।

- प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।
- प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ ।
- प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ ।
- कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा त्यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।
- कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुन ओसारपोसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।
- कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारको शोषण गर्न अनुचित प्रयोग गर्न पाइने छैन ।
- कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।
- प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।
- असाहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविद्या पाउने हक हुनेछ ।
- उपधारा (४), (५), (६) र (७) विपरीत कार्य कानुन बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

यस अतितिक्त राज्यका नीतिहरु अन्तरगत बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिने, एवम् बालश्रम लगायत श्रम शोषणका सबै रुपहरुको अन्त्य गर्ने लगायतका बालबालिका समेतलाई आकर्षित हुने अन्य विषयहरु पनि समेटिएको छ (केन्द्रीय बालकल्याण समिति, २०७३) । प्रायजसो सडक बालबालिकाको हकमा यी मौलिक अधिकार किताबको पानामा नै सिमित भएको छ ।

# अध्याय तिन

# अनुसन्धान पद्धति

कुनै पनि क्षेत्र वा विषयसँग सम्बन्धित तथ्यहरूको बारेमा क्रमवद्ध एवम् व्यवस्थित तवरबाट अनुसन्धानको निम्ति अपनाइने प्रक्रिया अनुसन्धान विधि हो । यो अनुसन्धानकर्ताले अनुसन्धान कार्य सम्पन्न गर्न प्रयोग गर्ने विधि हो । सैद्धान्तिक वा व्यवहारिक जुन कुनै अनुसन्धान समस्याको बारेमा केही कुरा पत्ता लगाउने निष्कर्षमा पुग्न समस्याको विश्लेषण, तथ्याङ्क संकलन विधि, तथ्याङ्क विश्लेषणका तरिका, समग्र अध्ययन, अध्ययनको क्षेत्र, अध्ययनको औचित्य र सीमा यस अध्याय (परिच्छेद) भित्र द्वितीय स्रोत, विभिन्न अध्ययन प्रतिवेदन, विषय सुहाउँदो लेख रचनाहरू संकलन गरी अत्यन्तै सतर्कताका साथ अध्ययन गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र

यो अनुसन्धान पोखरा लेखनाथ महानगरपालिका वडा नं. ७ र १५ मा रहेका चारवटा पुनर्स्थापना केन्द्रहरू सिवीन, पोखरा नगर स्तरीय बालसंरक्षण समिति, हिमालय लाइफ नेपाल- रामबजार, बाल हितकारी परियोजना नेपाल (ज्योति सडक, न्यूरोड) लाई लिइएको छ । यी चारवटा पुनर्स्थापना केन्द्रहरूमा रहेका १०२ जना सम्पूर्ण बालबालिकालाई उत्तरदाताको रुपमा लिइएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

कुनै पनि अध्ययनको लागि अनुसन्धान ढाँचा निकै महत्वपूर्ण मानिन्छ । यस अध्ययनमा वर्णनात्मक अनुसन्धान ढाँचा र अन्वेषणात्मक ढाँचाको प्रयोग गरिएको छ । पुनर्स्थापना केन्द्रमा बालबालिकाहरू आउने र जाने भएकाले समस्याको तत्कालीन स्थिति, समाजमा परेको असर सम्बन्धी सूचना सङ्ग्रह गर्न र सङ्ग्रहित तथ्याङ्कको अन्वेषण गरी स्पष्ट पार्नको लागि अन्वेषणात्मक विधिको प्रयोग गरिएको छ । विविध विधि अवलम्बन गरी प्राप्त विवरणको आधारमा निष्कर्ष निकाली समस्याको पूर्ण जानकारी प्राप्त गर्न वर्णनात्मक अनुसन्धान विधिको पनि यसमा प्रयोग गरिएको छ ।

## ३.३. संगणना विधि

अनुसन्धान तथ्यमा आधारित हुन्छ । अनुसन्धानबाट प्राप्त सबै प्रकारका तथ्यहरूको विश्लेषणबाट नै अनुसन्धानको निष्कर्ष निकाल्न सकिने भएका कारण उदेश्य अनुरुपका विभिन्न तथ्यहरू संकलन गर्नुपर्ने हुन्छ । अनुसन्धानका लागि समग्र इकाइबाट केही प्रतिनिधिमूलक इकाइहरूको मात्र छनौट गरी अध्ययन गर्नु अनुसन्धानको एक महत्वपूर्ण विधिका रुपमा रहेको छ । जसमध्ये कास्कीमा रहेका सम्पूर्ण सडक बालबालिकालाई नसमेटी पोखरा लेखनाथ महानगरपालिका वडा नं. ७ र १५ मा रहेका ४ वटा पुनर्स्थापना केन्द्रहरू सिविन, पोखरा नगर स्तरीय बालसंरक्षण समिति, हिमालय लाइफ नेपाल - रामबजार, बाल हितकारी परियोजना नेपाल (ज्योति सडक, न्यूरोड) रहेका सम्पूर्ण १०२ जना बालबालिकालाई नै जनगणना विधि अपनाई अध्ययनमा समावेश गरिएको छ । यि माथी उल्लेखीत ४ वटा संस्थामा रहेका जम्मा १०२ जना बालबालिकाहरुलाई अध्ययनको इकाइ (unit of Analysis) मानी समग्र १०२ बालबालिकाहरुबाट नै अन्तरवार्ता अनुसूचीको माध्यमबाट आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत तथा प्रकृति

यस अध्ययनका लागि प्राथमिक तथ्याङ्क तथा द्वितीय तथ्याङ्क, परिमाणात्मक र गुणात्मक दुवै प्रकृतिका ढाँचाहरु प्रयोग गरी तथ्याङ्कहरू संकलन गरिनुका साथै वर्णनात्मक अनुसन्धान ढाँचा र अन्वेषणात्मक ढाँचाको पनि प्रयोग गरिएको छ । यसमा द्वितीय तथ्याङ्कको रूपमा विभिन्न पुस्तक, पत्र पत्रिका, कार्यालयहरूमा राखिएको रेकर्डहरूबाट प्राप्त तथ्याङ्कलाई उपयोग गरिएको छ भने प्राथमिक तथ्याङ्कको लागि अनुसन्धानकर्ताद्वारा अध्ययन क्षेत्रमा गई केन्द्रमा रहेका बालबालिकासँग अन्तर्वार्ता विधिको प्रयोग गरी सूचनाहरू सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलनको विधि तथा औजार

### ३.५.१ प्राथमिक तथ्याङ्क संकलन विधि

यस अध्ययनका लागि प्राथमिक तथ्याङ्कको भूमिका हुने हुँदा अध्ययनलाई वास्तविक तहमा पुऱ्याउनका लागि प्राथमिक तथ्याङ्क सङ्कलनको लागि अर्न्तवार्ता, अवलोकन र वैयक्तिक अध्ययन आदि विधिको प्रयोग गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । पुनर्स्थापना

केन्द्रका बालबालिका र केन्द्रका सञ्चालक तथा कर्मचारीसँग प्रत्यक्ष रुपमा कुराकानी गरेर तथ्याङ्क सङ्कलन गरिएको छ ।

**अवलोकन विधि**

तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्रत्यक्ष र अप्रत्यक्षरुपमा सहभागी भई तथ्याङ्क सङ्कलन गरिएको छ । पुनर्स्थापना केन्द्रमा पुगेका सडक बालबालिकाहरूको काम, क्रियाकलाप, रहनसहन, व्यवहार आदिको अवलोकन गरिएको थियो ।

**अन्तर्वार्ता अनुसूची**

प्रस्तुत अध्ययनमा तथ्याङ्क संकलनका लागि अन्तर्वार्ता अनुसूची प्रयोग गरिएको छ । तयार गरिएका अनुसूचीको माध्यमबाट सम्बन्धित अध्ययन क्षेत्रमा गई पुनर्स्थापना केन्द्रमा रहेका सम्पूर्ण बालबालिकासँग प्रत्यक्ष कुराकानी गरी तथ्याङ्क संकलन गरिएको छ ।

**वैयक्तिक अध्ययन**

उद्देश्यमूलक अनुसन्धानलाई अगाडि बढाउन वर्णनात्मक तथा अन्वेषणात्मक अनुसन्धान गर्दा पुनर्स्थापना केन्द्रमा बस्ने बालबालिकाहरुको शैक्षिक अवस्था कस्तो छ र पुनर्स्थापना केन्द्रमा बस्नु पूर्वका बालबालिकाहरुको समस्या, भोगाइ र पुनर्स्थापना केन्द्रमा आए पश्चात उनीहरुको आकाङ्क्षाको अध्ययन खोजी गरिएको हुँदा केही व्यक्तिगत घटनाको अध्ययन गरिएको छ । यस अनुसन्धानमा ४ वटा वैयक्तिक अध्ययन गरिएको छ ।

**जानकार व्यक्तिसँगको छलफल**

प्रस्तुत अध्ययनमा पुनर्स्थापना केन्द्रमा बस्ने बालबालिकाहरुको बारेमा अझै बढी सत्य तथ्य जानकारी पत्ता लगाउन पुनर्स्थापना केन्द्रका कर्मचारीहरुसँग छलफल गरिएको छ ।

### ३.५.२ द्वितीय तथ्याङ्कका स्रोतहरु

यस अध्ययनका लागि उपलव्ध भएसम्म द्वितीय स्रोतमा पुस्तक, पत्रपत्रिका, पुनर्स्थापना केन्द्रका रेकर्डहरू र जिल्ला बाल कल्याण समितिमा भएका रेकर्डलाई सङ्कलन गरी अध्ययन गरिएको छ । लेख रचना, सम्बन्धित व्यक्ति आदि मार्फत् जानकारी प्राप्त गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण

अध्ययनलाई बढी प्रमाणिक र स्पष्ट बनाउनका लागि तथ्याङ्क सङ्कलन कार्यमा बढी शुद्ध, निश्चित र तार्किक विश्लेषणका तरिकाहरू अवलम्बन गरिएको छ । शोध अध्ययनमा परिमाणात्मक (Quantitative) र गुणात्मक (Qualitative) दुवै किसिमका तथ्याङ्हरूको विश्लेषण गरिएको छ । त्यस्तै प्राथमिक र द्वितीय स्रोतबाट संकलित तथ्याङक्हरूबाट अनुसन्धानको उद्धेश्य अनुसार मात्र प्रस्तुति र चर्चा गरिएको छ । तथ्याङ्कको विश्लेषणको क्रममा पुनर्स्थापना केन्द्रमा बस्दै गरेका सडक बालबालिका र  पुनर्स्थापना केन्द्रको सम्बन्ध, तिनीहरूको कमजोरीहरूलाई सम्पादन गर्ने, अन्य सङ्कलित तथ्यसँग मिल्दोजुल्दो छ छैन भनी जाँच गर्ने काम पनि गरिएको छ । प्रस्तुत शोध अध्ययनमा पुनर्स्थापना केन्द्रमा बस्दै गरेका सडक बालबालिकाको सामाजिक, आर्थिक र सांस्कृतिक पृष्ठभूमि, बालबालिकाले घर छाडेर सडकमा आउने कारणहरू, उनीहरूको क्रियाकलाप तथा उनीहरूले भोग्नु परिरहेका समस्याहरू, सडकबाट पुनर्स्थापना केन्द्र आएपछिका परिवर्तनहरू र यसबाट समाजमा पर्न गएको समग्र प्रभाव जस्ता तथ्यहरूको विश्लेषण गरिएको छ  ।

# अध्याय चार


## पुनर्स्थापना केन्द्रका बालबालिकाको सामाजिक तथा जनसाङ्ख्यिक विशेषता

अनुसन्धान तथ्याङ्कमा आधारित हुन्छ । यहाँ तथ्याङ्कहरूलाई आवश्यकता अनुसार तालिका बनाई सूचनाहरूलाई तथ्याङ्कीय विधिको प्रयोग गरी तथ्याङ्कलाई प्रतिशतमा प्रस्तुत गरी व्याख्या एवम् विश्लेषण गरिएको छ । प्रस्तुत शोध अध्ययनको क्रममा पुनर्स्थापना केन्द्रमा बस्दै आइरहेका बालबालिकाको पारिवारिक पृष्ठभूमि, शैक्षिक अवस्था र पुनर्स्थापना केन्द्रमा आउनुपूर्व र आए-पश्चातको अवस्थाका बारेमा व्याख्या एवम् विश्लेषण गरिएको छ ।

### ४.१ उत्तरदाताको लैङ्गीक विवरण

शिशुको जन्म पछि मात्र उसको लिङ्गको आधारमा छोरा र छोरी भनी छुट्टाइन्छ । जैविक रुपमा हामीलाई केवल छोरा र छोरी भनी छुट्टाइन्छ तर हाम्रो समाजले विभिन्न क्रियाकलाप, काम र जिम्मेवारीहरू सहित उनीहरूको व्यवहारमा लैंगिक भूमिका सिकाउछ । धेरै मानिसहरूलाई अझै पनि लिङ्ग र लैङ्गिक शब्द एउटै हो भन्ने पनि गरेका छन् । यी दुई शब्दमा धेरै फरक छ । जैविक रुपमा हुने फरक/लिङ्ग हो भने सामाजिक रुपमा गरिने अन्तर लैंङ्गिक हो ।

**चित्र ४.१: उत्तरदाताको लैङ्गीक विवरण**




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

लिङ्गको आधारमा १०२ जनालाई सर्वेक्षण गर्दा बालक ९९.०२ प्रतिशत र बालिका ०.९८ प्रतिशत  रहेका छन् । पुनर्स्थापना केन्द्रमा बस्दै आईरहेका बालबालिकाहरूमा बालकको तुलनामा बालिकाको सङ्ख्या एकदमै न्यून रहेको छ ।

## ४.२ उत्तरदाताको उमेर समूह सम्बन्धी विवरण

उमेर अनुसार नै मानिसको पेशा, हैसियत, सामाजिक सम्बन्ध, जिम्मेवारी र भूमिका निर्धारण भएको हुन्छ । उमेरकै आधारमा बालबालिकाहरू पुनर्स्थापना केन्द्रमा बस्न पाउने वा नपाउने भन्ने कुरा पनि निर्धारण हुने गर्दछ । यस अध्ययन क्षेत्रमा विभिन्न उमेर समूहका बालबालिकाहरू संलग्न रहेका छन् । तलको तालिकामा उत्तरदाताको उमेरलाई विविधतालाई प्रस्तुत गरिएको छ ।

**तालिकाः ४.१ः उमेरको आधारमा उत्तरदाताको विवरण**

| उमेर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ०-५ वर्ष उमेर समूहका | २ | १.९६ |
| ६-१० वर्ष उमेर समूहका | २९ | २८.४३ |
| ११-१५ वर्ष उमेर समूहका | ५३ | ५१.९६ |
| १६ वर्ष भन्दा माथि | १८ | १७.६५ |
| जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार सबैभन्दा बढी १०-१५ वर्ष उमेर समूहका ५१.९६ प्रतिशत बालबालिकाहरू पुनर्स्थापना केन्द्रमा आश्रित छन् भने सबैभन्दा कम ०-५ वर्ष उमेर समूहका १.९६ प्रतिशत बालबालिकाहरू रहेका छन् । क्रमश ६-१० उमेर समुहका २८.४३ प्रतिशत र १६ वर्षभन्दा माथिका १७.६५ प्रतिशत बालबालिकाहरूलाई  पुनर्स्थापना केन्द्रले रहेछन् । आफ्नो भविष्यको राम्रो निर्णय लिन नसक्ने र साथीहरूको कुरालाई छिट्टै विश्वास गर्ने र अरुको लहैलहैमा आउने हुनाले ११-१५ वर्षका बालबालिकाहरू बढी पुनर्स्थापना केन्द्रमा भेटिएको अनुमान गरिएको छ ।

## ४.३ जात/जातीयताको आधारमा उत्तरदाता

तलको तालिकामा उत्तरदाताको जात/जातीय विविधतालाई प्रस्तुत गरिएको छ ।

**तालिका ४.२: उत्तरदाताको जात/जातीय पृष्ठभूमि**

| जाति | सङ्ख्या | प्रतिशत |
| --- | --- | --- |
| दलित | ३५ | ३४.३१ |
| जनजाति | २७ | २६.४७ |
| क्षेत्री | २२ | २१.५७ |
| ब्राहमण | १८ | १७.६५ |
| जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रमा रहेका बालबालिकाहरूमध्ये सबैभन्दा बढी ३४.३१ प्रतिशत उत्तरदाताहरु दलित जातिका रहेछन् भने क्रमशः जनजाति २६.४७ प्रतिशत, क्षेत्री २१.५७ प्रतिशत र ब्राहमण १७.६५ प्रतिशत उत्तरदाताहरु पुनर्स्थापना केन्द्रमा रहेको पाइयो । नेपालको तथ्याङ्क हेर्ने हो भने सबैभन्दा अशिक्षित र गरिबीको चपेटामा दलित समुदाय पर्ने गरेका छन् । त्यही कारणले गर्दा पनि होला दलित समुदायको बालबालिका घर छाडेर सडकमा आएका र पुनर्स्थापना केन्द्रमा बस्न बाध्य भएका होलान् ।

## ४.४ उत्तरदाताको धार्मिक पृष्ठभूमि

यस शोध अध्ययनमा पुनर्स्थापना केन्द्रमा बस्दै आइरहेका बालबालिकाहरूको धार्मिक पृष्ठभूमि यस प्रकार रहेको छ ।

**तालिका ४.३: उत्तरदाताको धार्मिक पृष्ठभूमि**

| धर्म | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| क्रिस्चियन | ६४ | ६२.७५ |
| हिन्दु | २१ | २०.५९ |
| बौद्ध | ९ | ८.८२ |
| मुसलमान | ५ | ४.९० |
| अन्य | ३ | २.९४ |
| जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

हरेक धर्मको आ-आफ्नै सिद्धान्त हुन्छ । क्रिस्चियन धर्ममा कुन जात ठुलो र सानो नभनी कसैलाई भेदभाव नगरी सबैलाई एउटै नजरले हेर्नु पर्छ भन्ने मान्यता अरु धर्ममा भन्दा बढी पाइन्छ । यस धर्मले ठूलो सानो जात भनी भेदभाव नगर्ने भएका कारणले पनि होला दलित परिवारका व्यक्तिहरू प्रायले धर्म परिवर्तन गरेको घटना हाम्रो वरीपरी सुन्दै र देख्दै आइरहेका पनि छौं । सर्वेक्षण गर्ने क्रममा ६२.७५ प्रतिशत तथा कुल प्रतिशतको आधाभन्दा बढी क्रिश्चियन धर्म मान्ने रहेछन्, क्रमशः हिन्दु धर्म मान्ने ,बौद्ध धमै मान्ने भेटिए भने सबैभन्दा कम मुसलमान धर्म मान्ने ४.९० प्रतिशत बालबालिकाहरू केन्द्रमा रहेछन् । हिमालय लाइफ नामक पुनर्स्थापना केन्द्रमा धेरै उत्तरदाताहरू क्रिश्चियन धर्म मान्ने भेटिएका थिए ।

## ४.५ उत्तरदाताको पारिवारिक संरचना

परिवारको माया, स्याहार पाएर हुर्केका बालबालिका र नपाएका बालबालिकाहरू बढी सडकमा आउने गरेको तथ्याङ्कहरूले जनाएको छ ।

उत्तरदाताको पारिवारिक अवस्थालाई बुझ्न बुदाँहरूमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ४.५.१ उत्तरदाताको परिवारको सदस्यको सङ्ख्या

एकल र संयुक्त गरी परिवारलाई दुई भागमा विभाजन गरिएको छ । कस्तो प्रकारको परिवारका हुर्केका उत्तरदाता बढी सडकमा आउने रहेछन् भन्ने विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४ उत्तरदाताको पारिवारिक संरचना**

| परिवारको सदस्य सङ्ख्या | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ३-५ जना सम्म | १९ | १८.६३ |
| ५-७ जना सम्म | ४९ | ४८.०४ |
| ७-९ जना सम्म | ३४ | ३३.३३ |
| जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार सबैभन्दा बढी ५-७ परिवार सदस्य सङ्ख्या भएका ४९ जना बालबालिकाहरू पुनर्स्थापना केन्द्रमा रहेका छन् । क्रमशः ७-९ परिवारको सदस्य सङ्ख्या भएका ३४ जना बालबालिकाहरू छन् भने सबैभन्दा कम ३-५ जना सम्मको परिवारको सदस्य भएका १९ जना बालबालिका पुनर्स्थापना केन्द्रमा रहेका छन् । यसबाट के बुझ्न सकिन्छ भने सानो परिवार भएको घरमा बढी हेरचाह, माया र परिवारको साथ पाउने हुनाले सानो परिवार भएका बालबालिकाले थोरै घर छाडेको भेटियो । धेरै सदस्य रहेको परिवारका बालबालिका माया, ममताका अभावमा घर छोड्ने क्रम बढी रहेको पाइयो ।

### ४.५.२ उत्तरदाताको अभिभावकको अवस्था

पुनर्स्थापना केन्द्रमा आश्रित १०२ जना बालबालिकाहरूको बुवाआमाको अवस्था कस्तो रहेको छ भन्ने बारेमा बुझ्नको निम्ति तालिका ४.५.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५ : उत्तरदाताको बुवाआमाको अवस्था**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| दुवैजना जीवित हुनुहुन्छ | ३७ | ३६.२७ |
| बुवा मात्रै हुनुहुन्छ | ३१ | ३०.४ |
| आमा मात्रै हुनुहुन्छ | २३ | २२.५५ |
| दुवैजना जीवित हुनुहुन्न | ११ | १०.७८ |
| जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका बाट के बुझ्न सकिन्छ भने बुवाआमा नभएका बालबालिका भन्दा बुवा आमा भएका बालबालिकाहरूले बढी घर छाडेको तथ्याङ्ले जनाएको छ । बालबालिकाको मनोभावना बढी आमाले बुझ्ने, र उनीहरू प्रति नरम व्यवहार देखाउने भएकाले पनि होला आमा मात्रै हुने बालबालिकाहरू भन्दा बुवा मात्रै हुने बालबालिकाहरु घर छोडी सडकमा आउने क्रम बढी रहेको तथ्याङ्कले देखाएको छ ।

### ४.५.३ उत्तरदाताको सौतेनी आमा बुवा भए/नभएको विवरण

यस शोध अध्ययनमा समावेश भएका १०२ उत्तरदाताहरू मध्ये ११ जनाको आफ्ना बुवाआमा दुवै जीवित नभए पनि सौतेनी आमा बुवा रहेको बताए ।

**तालिका ४.६ : सौतेनी आमाबुवाको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सौतेनी आमा भएका | ४२ | ४१.१८ |
| सौतेनी बुवा भएका | ११ | १०.७८ |
| सौतेनी आमा नभएका | २० | १९.६१ |
| सौतेनी बुवा नभएका | २७ | २६.४७ |
| थाहा नभएका | २ | १.९६ |
| जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकाबाट ४१.१८ प्रतिशत उत्तरदाताका सौतेनी आमा रहेको पुष्टि हुन्छ । १९.६१ प्रतिशत उत्तरदाताको मात्रै सौतेनी आमा नभएको भेटियो । सौतेनी आमाको तुलनामा सौतेनी बुवा न्यून छन् । यसबाट पनि के प्रष्ट हुन्छ भने आमाको तुलनामा बुबाहरूले बढी दोस्रो विवाह गरेका रहेछन् ।

### ४.५.४ उत्तरदाताका अभिभावकको लतहरू

१०२ उत्तरदातामध्ये ११ जना उत्तरदाताको दुबै बुवाआमाको मृत्यु भएको कारणले गर्दा ९१ जना उत्तरदाताहरूको मात्र बुवाआमाको लतको बारेमा यस अध्ययनमा समावेश गरिएको छ ।

**क) बुवाको लत**

**तालिका ४.७ : उत्तरदाताको बुवाको लत**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| रक्सी/धुम्रपान सेवन गर्ने | ४२ | ४६.१५ |
| जुवातास खेल्ने | २६ | २८.५७ |
| दुबै लत भएको (रक्सी/धुम्रपान सेवन गर्न र जुवातास खेल्ने) | १७ | १८.६८ |
| कुनै पनि लत नभएको | ४ | ४.३९ |
| थाहा नभएको | २ | २.२ |
| जम्मा | ९१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

९१ जना उत्तरदाताहरूसँग गरिएको सर्वेक्षणबाट हामीले के थाहा पायौं भने ४६.१५ प्रतिशत उत्तरदाताका बुवाहरूले रक्सी/धुम्रपान सेवन गर्ने रहेछन् भने जुवातास खेल्ने २८.५७ प्रतिशत, दुबै लत भएका बुवाहरू १८.६८ प्रतिशत, र  कुनै पनि लत नभएका बुवाहरूको सङ्ख्याएकदमै न्यून रहेछ । समग्रमा भन्नु पर्दा  केही पनि लत नभएका भन्दा केही न केही लत भएका बुवाहरू धेरै रहेछन् ।

**ख)  आमाको लतः**

**तालिका ४.८: उत्तरदाताको आमाको लत**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| रक्सी/धुम्रपान सेवन गर्ने | ३७ | ४०.६६ |
| कुनै पनि लत नभएको | २५ | २७.४७ |
| जुवातास खेल्ने | १६ | १७.५८ |
| दुवै लत भएको( रक्सी/धुम्रपान सेवन गर्न र जुवातास खेल्ने) | ११ | १२.०९ |
| थाहा नभएको | २ | २.२ |
| जम्मा | ९१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार बुवाहरूको जस्तै धेरै आमाहरूको पनि लत रक्सी/ धुम्रपान सेवन गर्ने गरेको भेटियो । आमाहरूको लत जुवातास खेल्ने भन्दा बढी रक्सी/धुम्रपान सेवन गर्ने पनि भेटियो । २७.४७ प्रतिशत आमाहरूमा कुनै पनि लत नभएको भेटियो । समग्रमा बुवा र आमाका विभिन्न लतहरूको तुलना गर्दा बुवाहरूको तुलनामा आमाहरूको सङ्ख्यामा कमी भेटियो ।

### ४.५.५ उत्तरदाताको अभिभावकको पेशा

अभिभावकको पेशा र त्यसबाट आउने पैसाले उसको परिवारको आर्थिक स्थिति कस्तो छ ? उसको परिवारले के खाने, कस्तो लगाउने वा भनौं उनीहरूको जीवन स्तर कसरी चलाउने भन्ने कुराको निर्धारण गर्दछ । यस अध्ययन क्षेत्रमा रहेका बालबालिकाका अभिभावकको पेशालाई अध्ययन गरी निम्न अनुसार तालिकामा देखाइएको छ ।

**क) बुवाको पेशा**

पुनर्स्थापना केन्द्रमा बस्दै आइरहेका बुवाआमा के पेशामा संलग्न छन् भन्ने बारेमा बुझ्नको निम्ति तालिका ५.५.५.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.९: उत्तरदाताको बुवाको पेशा**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| मिस्त्री | २१ | २३.०८ |
| ज्यामी | १९ | २०.८८ |
| कृषि | १३ | १४.२९ |
| भरिया | १० | १०.९९ |
| वैदेशिक रोजगार | ८ | ८.७९ |
| घरेलु कामदार | ७ | ७.६९ |
| व्यापार | ६ | ६.५९ |
| अन्य | ५ | ५.४९ |
| थाहा नभएको | २ | २.२ |
| जम्मा | ९१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

तालिका ४.९ ले देखाए बमोजिम सबैभन्दा बढी उत्तरदाताका बुवाहरू मिस्त्री काममा २३.०८ प्रतिशत अनि ज्यामी काममा २०.८८ प्रतिशत संलग्न रहेको देखियो । अरुको जग्गा अधियामा लिएर र आफ्नै थारै जग्गामा कृषि पेशा गर्दै आएका अभिभावक १४.२८ प्रतिशत रहेछन् भने क्रमशः भरिया पेशामा संलग्न रहेका बुवाहरु १०.९९ प्रतिशत र सबैभन्दा कम व्यापारमा ६.५९ प्रतिशत संलग्न रहेको देखियो ।

**२) आमाको पेशा**

बुवाको जस्तै आमाको पनि पेशाको बारेमा बुझ्नको निम्ति तालिका ५.५.५.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१० : उत्तरदाताको आमाको पेशा**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| घरेलु कामदार | २८ | ३०.७७ |
| कृषि | २३ | २५.२७ |
| ज्यामी | १४ | १५.३८ |
| मिस्त्री | १० | १०.९९ |
| भरिया | ६ | ६.५९ |
| अन्य | ४ | ४.४ |
| व्यापार | ३ | ३.३ |
| थाहा नभएको | २ | २.२ |
| वैदेशिक रोजगार | १ | १.१ |
| जम्मा | ९१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकाले देखाए बमोजिम उत्तरदाताका आमाहरु बढी ३०.७७ प्रतिशत घरेलु कामदारको रुपमा काम गर्दा रहेछन् भने क्रमशः कृषि पेशामा २५.२७ प्रतिशत, ज्यामी पेशामा १५.३८ प्रतिशत संलग्न रहेछन् । सबैभन्दा कम वैदेशिक रोजगार जाने गरेको भेटियो । समग्रमा भन्दा बुवाहरू सङ्ख्या वैदेशिक रोजगारमा, भरियामा र ज्यामी काममा बढी संलग्न रहेको भेटियो भने आमाहरूको सङ्ख्या बढी घरेलु कामदार र कृषि पेशामा बढी संलग्न रहेको भेटियो ।

### ४.५.६ उत्तरदाताको आमा र बुवाको बिचको सम्बन्ध

यस अध्ययनमा पुनर्स्थापना केन्द्रमा आश्रित बालबालिकाहरूका आमा र बुवाबिच कस्तो सम्बन्ध कस्तो रहेको छ भनी अध्ययन गरी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.११: आमा बुवाको सम्बन्धको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छुट्टिएर बसेको/सँगै नभएको | ४१ | ४५.०६ |
| राम्रो | २४ | २६.३७ |
| ठिकै | १९ | २०.८८ |
| पारपाचुके भएको | ५ | ५.४९ |
| थाहा नभएको | २ | २.२ |
| जम्मा | ९१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार ४५.०६ प्रतिशत अभिभावक सँगै नबसेको र ५.४९ प्रतिशतले मात्रै कानुनी रुपमा पारपाचुके गरिसकेका रहेछन् । २६.३७ प्रतिशत बुवाआमाको मात्र सम्बन्ध राम्रो रहेछ । यस अध्ययनबाट हामीले के थाहा पाउन सक्छौं भने जुन घरमा बुवा र आमाको सम्बन्ध राम्रो हुँदैन, उनीहरू आफ्नो छोराछोरीको भन्दा आफ्नो खुसीको लागि परिवारसँग छुट्टिएर बसेका हुन्छन् । त्यस्ता परिवारका बालबालिकाहरू बढी घर छाडेर सडकमा आउने गरेका रहेछन् ।

# अध्याय पाँच

# पुनर्स्थापना केन्द्रले बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभाव

## ५.१ पुनर्स्थापना पूर्वको बसोबासको अवस्था

यस शोध अध्ययनमा उत्तरदाताहरु केन्द्रमा आउनु पूर्व कुन अवस्थामा थिए भन्ने कुरा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१: पुनर्स्थापना पूर्वको बसोबासको अवस्था**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सडकका बालबालिकाहरु | ७९ | ७७.४५ |
| सडकमा बालबालिकाहरु | २३ | २२.५५ |
| जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार आफ्नै मर्जीले घर त्यागेर सडकमा आउने बालबालिकाहरू ७७.४५ प्रतिशत रहेछन् । २२.५५ प्रतिशत बालबालिकाहरू दिउसो सडकमा र रातको समयमा अभिभावकसँग बस्थे तर हाल यी सबै पुनर्स्थापना केन्द्रमा बस्दछन् । यसले पनि के स्पष्ट पार्दछ भने घर परिवारले निकाला गरेको नभई घरको वातावरणबाट दिक्क भएर स्वतन्त्रताको खोजीमा घर छोडेर सडक सम्म आइपुगेका बालबालिकाको सङ्ख्या बढी छ ।


## ५.२ आफैं घर छाडे पश्चातका भोगाई

विभिन्न कारणले घर छाडेर सडकमा आश्रय लिएका तर हाल पुनर्स्थापना केन्द्रमा बसोबास गरिरहेका उत्तरदाताहरुले आफ्नो घर छाडेर सडकमा आएपछि के कस्तो समस्याको सामना गरे, आफ्नो दैनिक गुजारा चलाउन कस्तो क्रियाकलाप गरे सम्पूर्ण कुराहरु तल प्रस्तुत गरिएको छ ।

### ५.२.१ उत्तरदाताले घर छाड्नुका कारणहरू

आफ्नो घर सबैलाई प्यारो हुन्छ । त्यहाँ आफ्नो बचपन बितेको हुन्छ जसको कारण त्यो घरसँग उसको भावनात्मक सम्बन्ध जोडिएको हुन्छ  तर पनि विभिन्न कारणले उनीहरू आफ्नै घर छाड्ने जस्तो ठूलो निर्णय लिन बाध्य हुन्छन् । १०२ जना उत्तरदाताहरू मध्ये ७९ ले आफ्नै मर्जीले घर छाडेको हुनाले ७९ जना उत्तरदातासँग मात्र घर छाड्नुका कारणका विषयमा सर्वेक्षण गरिएको छ । उत्तरदाताहरूलाई घर छाड्न बाध्य गराउने कारणहरू तल चित्रमा प्रस्तुत गरिएको

**चित्र ५.१: उत्तरदाताले घर छाड्नुका कारणहरू**




स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको चित्र अनुसार सबैभन्दा बढी २९.१२ प्रतिशत उत्तरदाताहरुले सौतेनी आमाको दुर्व्यवहारले क्रमशः २२.७८ प्रतिशत उत्तरदाताहरुले शहर गएर आफूले चाहेको सबै पाइन्छ मिठो खान पाइन्छ भन्ने आश गर्दै साथीहरूको लहैलहैमा लागेर घर छाडेका रहेछन् भने १७.७२ प्रतिशतले घरको आर्थिक अवस्था कमजोर भएर पनि घर छाडेर सडक आएको भेटियो । ५.०६ प्रतिशतले विभिन्न कारणले नियमित विद्यालय गएर पढ्ने अवसर नपाएका कारण विद्यालय जान पाइन्छ भनरे घर छाडेर सडक आए भने ३.८ प्रतिशत

उत्तरदाताहरूले घरका मानिसहरुले निरन्तर पढेन भनेर तनाब दिएका कारणले घर छाडेका रहेछन् ।

### ५.२.२ पुनर्स्थापना केन्द्रमा आउनुपूर्व गरिएका क्रियाकलाप

हरेक मान्छेले आफ्नो पेट पाल्न केही न केही काम त गर्नुपर्छ । काम नगरीकन माम खान पाईदैन भन्ने त उखान नै छ अझ आफ्नो घर छाडेर सडकमा आएका बालबालिकाले त आफ्नो पेट पाल्न बाध्यताले पनि विभिन्न कामहरू त गर्नै पर्दो रहेछ । पुनर्स्थापना केन्द्रमा आउनुपूर्व उत्तरदाताले गरेका क्रियाकलापहरू तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२ पुनर्स्थापना केन्द्रमा आउनुपूर्व गरिएका क्रियाकलापहरूको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सडकमा प्लाष्टिक,बोटल बटुल्ने र बेच्ने कार्य गरेको | ३८ | ३७.२५ |
| आफ्नै परिवारसँग बसेको | २३ | २२.५५ |
| होटेलमा काम गरेको | १३ | १२.७५ |
| सडकमा मागेर हिँडेको | ११ | १०.७८ |
| गाडीमा खलासीको काम गरेको | ९ | ८.८२ |
| अन्य | ६ | ५.८९ |
| अर्काको घरमा काम गरेको | २ | १.९६ |
| जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार धेरै उत्तरदाताहरू पुनर्स्थापना केन्द्रमा आउनु पूर्व ३७.२५ प्रतिशतले सडकमा प्लाष्टिक, बोटल बटुल्ने र बेच्ने कार्य गर्दै आफ्नो गुजारा चलाएका रहेछन् । उत्तरदातासँग गरिएको अर्न्तरवार्ताबाट के थाहा भयो भने सुरुमा घर छाडेपछि होटेलमा, अर्काको घरमा काम गरे तर पछि उनीहरुमध्ये केही उत्तरदाताहरू सडकमा नै प्लाष्टिक, बोतल बटुल्ने र बेच्ने कार्य गर्न थाले भने केहीले पैसा माग्ने काम र गाडीमा खलासीको काम गर्न थाले । उनीहरूलाई पुनर्स्थापना केन्द्रमा ल्याउँदा माथि उल्लेखित कार्यहरू गर्दथे । त्यस्तै गरी आफ्नै परिवारसँग बसेको २२.५५ प्रतिशत उत्तरदाताहरू भने दिउँसोको समयमा होटेलमा काम गर्ने, भरिया, बालश्रम आदि काममा परेका थिए । हाल

विभिन्न ४ वटा पुनर्स्थापना केन्द्रमा बस्दै आईरहेका भाइबहिनीहरूलाई सुरुमा उनीहरू सडकमा, होटेलमा काम गरेको देखेर उनीहरूको बालअधिकारको संरक्षण र सम्बर्द्धनका लागि विभिन्न संस्थाका सञ्चालकहरूले, कर्मचारीहरूले, सरकारी निकायको सहयोगले उनीहरूलाई पुनर्स्थापना केन्द्रमा ल्याइएको हो ।

## ५.३ सडक बालबालिका पुनर्स्थापना केन्द्रमा प्रवेश गर्ने प्रावधान

विभिन्न कारणले कास्की जिल्लाको सडकमा आएका बालबालिकालाई संरक्षणका लागि र पुन आफ्नै समुदाय, परिवारमा पुनर्स्थापना गर्ने हेतुले कास्की जिल्लामा ४ वटा पुनर्स्थापना केन्द्रहरू रहेका छन् । हरेक ठाउँको आ-आफ्नो नियम हुन्छ । त्यस्तै गरी पुनर्स्थापना केन्द्रमा प्रवेश पाउन  बाबुआमा दुवै नभएका र कसैले पनि हेरचाह नगरेका बाबुआमाबाट त्यागिएका वा बिछोडिएका वा घरबाट भागेका र बुबाआमाको पत्ता नलागेका, बाबु, आमा वा संरक्षकबाट उचित पालनपोषण नगरी हेलाँ र दुर्व्यवहार गरिएका, बाबु वा आमा भए पनि बालबालिकाको हेरचाह गर्न शारीरिक वा मानसिक अशक्तताका कारणले सक्षम नभएका, त्यस्तै गरी घर वा बसोबासको स्थायी ठेगान नभएका समेतका बालबालिकाहरूलाई महिला तथा  बालबालिका कार्यालयको र बाल कल्याण समितिको सिफारिसमा, अभिभावकको मृत्यु भएका बालबालिकाको हकमा वडाबाट बुवाआमाको मृत्यु भएको प्रमाण पत्र आवश्यक पर्नुका साथै गरीब तथा अभिभावक भएका बालबालिकाको खण्डमा बालबालिकाको जन्म दर्ता, आफ्नो वडाको सिफारिस पत्र,  अभिभावकसँगको अनुमति पत्र/सम्झौता पत्रमा हस्ताक्षर गरेर राख्ने गरिन्छ । कुनै त्यस्तै जटिल र समस्यामा परेका बालबालिकालाई सिधै उद्धार गरी महिला तथा  बालबालिका कार्यालय र बाल कल्याण समितिले पिडकलाई कुनै पनि पुनर्स्थापना केन्द्रहरूमा सिधै रिफर गर्न सक्छ । त्यस्तै गरी पुनः समुदायमा, परिवारमा फर्कन चाहने बालबालिकाको हकमा वा जसरी पनि समुदायमा, परिवारमा फर्काउने अवस्थामा रहेका बालबालिकाको हकमा पनि महिला तथा बालबालिका कार्यालयको र बाल कल्याण समितिको अनुमति लिँदै बालबालिकालाई के कारणले पुनः समुदायमा, परिवारमा फर्काउदैछौं भन्ने पूर्ण जानकारी गराई अभिभावकसँगको अनुमति पत्रमा/सम्झौता पत्रमा हस्ताक्षर गर्नुपर्छ । बालबालिकालाई आफ्नै परिवारमा, समाजमा पुनर्स्थापना गर्ने कार्य बढी अरु ३ पुनर्स्थापना केन्द्रको तुलनामा सिविनले बढी गरेको भेटियो (बराल, २०७१, पृ १८ ) ।

## ५.४ पुनर्स्थापना केन्द्रमा आउनु पूर्वको शैक्षिक विवरण

हाल पुनर्स्थापना केन्द्रमा बसीरहेका उत्तरदाताहरु पुनर्स्थापना केन्द्रमा आउनु पूर्व उनीहरुको शैक्षिक स्तर कस्तो थियो, कस्तो प्रकृतिको विद्यालयमा अध्ययन गर्न जान्थे आदि विषयमा लिइएको विवरणहरु तलका शिर्षकहरुमा समावेश गरिएको छ ।

**क) विद्यालयमा उपस्थिति सम्बन्धी विवरण :**

शिक्षा व्यक्ति र समाज दुबैलाई सक्षम बनाउने सशक्त आधार हो । शिक्षालाई ज्ञान, सीप र प्रविधिले योग्य जनशक्ति उत्पादन गर्ने माध्यमको रुपमा लिइन्छ । तलको तालिकामा पुनर्स्थापना केन्द्रमा आश्रय लिइरहेका उत्तरदाताहरु सडकमा आउनु पूर्व उनीहरुको विद्यालयउपस्थिति कस्तो थियो भन्ने सम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

**तालिकाः ५.३ः सडकमा आउनु पूर्व विद्यालयमा उपस्थिति सम्बन्धी विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नियमित विद्यालय जाने | ५६ | ५४.९० |
| कहिलेकाहि विद्यालय जाने | ४२ | ४१.१८ |
| विद्यालय भर्ना नभएका | ४ | ३.९२ |
| जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार ५४.९० प्रतिशत उत्तरदाताहरु पुनर्स्थापना केन्द्रमा आउनु पूर्व नियमित विद्यालय जाने गर्दा रहेछन् भने ४१.१८ प्रतिशत उत्तरदाताहरु कहिलेकाहीँ विद्यालय जाने गर्दा रहेछन् र ३.९२ प्रतिशत उत्तरदाताहरू सानो उमेरका कारण विद्यालय भर्ना नभएका रहेछन् ।

**ख) पुनर्स्थापना केन्द्रमा आउनु पूर्वको शैक्षिक अवस्था**

हाल पुनर्स्थापना केन्द्रमा बसिरहेका उत्तरदाताहरु पुनर्स्थापना केन्द्रमा आउनु पूर्व शैक्षिक अवस्थाको बारेमा तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.४: शैक्षिक अवस्था सम्बन्धी विवरण**

| शैक्षिक अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ठिकै | ४९ | ४८.०४ |
| कमजोर | २६ | २५.४९ |
| राम्रो | २३ | २२.५५ |
| विद्यालय भर्ना नभएका | ४ | ३.९२ |
| जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार ४८.०४ प्रतिशत उत्तरदाताहरु केन्द्र आउनु पूर्व उनीहरुको शैक्षिक अवस्था ठिकै रहेछ भने २२.५५ प्रतिशत उत्तरदाताहरुको शैक्षिक अवस्था राम्रो रहेछ र ३.९२ उत्तरदाताहरु सानो उमेरका कारण विद्यालय भर्ना नभएका रहेछन् ।

## ५.५ पुनर्स्थापना केन्द्रमा आए पश्चातको उत्तरदाताहरुको शैक्षिक अवस्था

पुनर्स्थापना केन्द्रमा आश्रय लिइरहेका १०२ बालबालिकाहरु केन्द्रमा आएपछि उनीहरुको शैक्षिक स्तरमा कस्तो परिवर्तन आएको छ भन्ने विवरण तल प्रस्तुत गरिएको छ ।

### ५.५.१ विद्यालयको प्रकृतिः

उत्तरदाताहरु कस्तो प्रकृतिको विद्यालयमा अध्ययन गरेका छन् भन्ने जानकारीको लागि तल तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका ५.५ उत्तरदाताको विद्यालयको प्रकृतिः**

| विद्यालयको प्रकृति | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरकारी विद्यालय | ३० | २९.४१ |
| निजी विद्यालय | ४७ | ४६.०८ |
| रात्रि विद्यालय | ० | ० |
| विद्यालय भर्ना नभएका | २५ | २४.५१ |
| जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकामा उल्लेख भए अनुसार हिमालयन लाइफ नेपाल नामक सस्थामा बस्ने र विद्यालय पढ्न जाने उत्तरदाताहरु मध्ये ४६.०८ प्रतिशत निजी विद्यालयमा अध्ययन गर्दा रहेछन् भने २९.४१ प्रतिशत सरकारी विद्यालयमा र २४.५१ प्रतिशत उत्तरदाताहरु विशेष कारणले विद्यालय जान बाट बन्चित रहेको भेटियो भर्ना नभएका २५ उत्तरदाताहरुमध्ये केही उत्तरदाताहरु कहिलेकाहीँ केन्द्र भित्र अनौपचारिक कक्षाहरुबाट शिक्षा लिने गरेको पाइयो ।

### ५.५.२ शिक्षामा आएको परिवर्तन सम्बन्धी विवरण :

विभिन्न कारणले घर छाडेर सडकमा आएका र हाल पुनर्स्थापना केन्द्रको संरक्षणमा रहेका उत्तदाताहरुको अध्ययन आएका परिवर्तनलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका : ५.६ शैक्षिक स्तरमा आएको परिवर्तन सम्बन्धी विवरण**

| शैक्षिक अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| धेरै सुधारिएको | ४८ | ६२.३४ |
| केही मात्रमा सुधारिएको | १७ | २२.०८ |
| केही पनि नसुधारिएको | ८ | १०.३९ |
| अझै कमजोर भएको | ० | ० |
| थाहा नभएको | ४ | ५.१९ |
| जम्मा | ७७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

उत्तरदाताहरु र केन्द्रका संचालकहरुका अनुसार ६२.३४ प्रतिशत उत्तरदाताहरुको पढाइको स्तर धेरै सुध्रिएको र २२.०८ प्रतिशतको केही मात्रमा शैक्षिक स्तरमा वृद्धि भएको छ । समग्रमा भन्नु पर्दा धेरै समय अवधिसम्म पुनर्स्थापना केन्द्रमा बसोबास गर्दै आइरहेका उत्तरदाताहरुले आफ्नो शैक्षिक अवस्था सुध्रिएको बताए ।

### ५.५.३ पढाइ प्रति उत्तरदाताहरुको धारणा

पुनर्स्थापना केन्द्रकमा आश्रय लिने उत्तरदाताहरुमध्ये ७७ उत्तरदाताहरुको पढाइ प्रति धारणालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिकाः ५.७ : पढाइ प्रति उत्तरदाताहरुको धारणा**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निरन्तरता दिईरहने | ५७ | ७४.०३ |
| केहि समय मात्र निरन्तरता दिने | १२ | १५.५८ |
| पटक्कै पढ्न मन छैन | ० | ० |
| थाहा छैन | ८ | १०.३९ |
| जम्मा | ७७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिका तालिका अनुसार ७४.०३ प्रतिशतले आफ्नो पढाइलाई निरन्तरता दिइरहने धारण व्यक्त गरे क्रमश १५.५८ प्रतिशत उत्तरदाताले केही समय मात्र निरन्तरता दिने र उमेरमा सानो भएको र यो विषयमा आफूले हालसम्म केही नसोचेको कारण जनाउँदै १०.३९ प्रतिशत उत्तरदाताहरुले उक्त प्रश्नमा थाहा छैन भन्ने उत्तर दिए ।

### ५.५.४ शिक्षामा सुधार गर्न केन्द्रबाट भएका प्रयास

पुनर्स्थापना केन्द्रमा बस्दै आएका बालबालिकाहरु आफ्नो पढाइमा अझै सुधार केन्द्रबाट के कस्तो सहयोग/प्रयास गरेका रहेछन् तल तालिका ५.५.४ मा प्रस्तुत गरिएको छ ।

**तालिकाः ५.८ : शिक्षामा सुधार गर्न केन्द्रबाट भएका प्रयास**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| केन्द्रमा अतिरिक्त कक्षाको संचालन गरेर | ३५ | ४५.४५ |
| केन्द्र बाहिर अतिरिक्त कक्षामा पढ्ने अवसर दिएर | ० | ० |
| पुस्तकालायको व्यवस्था गरेर | २३ | २९.८७ |
| शिक्षकको निगरानी राखेर अध्ययन गराएर | १६ | २०.७८ |
| अन्य | ३ | ३.९ |
| जम्मा | ७७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार उत्तरदाताको शैक्षिक स्तर अझै राम्रो गर्न केन्द्रले अतिरिक्त कक्षाको सञ्चालन गर्नुका साथसाथै पुस्तकालयको व्यवस्था गरेको र विशेष गरी १ देखि कक्षा ४ सम्म अध्ययनरत उत्तरदाताहरुलाई शिक्षकले आफ्नै निगरानी राखेर अध्ययन गराउने गरेको भेटियो ।

### ५.५.५ शिक्षामा सुधार गर्न उत्तरदाताबाट भएका प्रयास

आफू अघि बढ्न पहिला आफैबाट पहल गर्नुपर्छ । पुनर्स्थापना केन्द्रमा बसेर अध्ययन गरिरहेका ७७ जना उत्तरदाताले आफ्नो पढाइ सुधार्न के कस्तो प्रयास गरे त्यसको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.९: शिक्षामा सुधार गर्न उत्तरदाताबाट भएका प्रयास**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नजानेका कुरा शिक्षकसँग निर्धक्क सोध्छु | ३४ | ४४.१६ |
| साथीहरूसँग मिलेर पढ्छु | २१ | २७.२७ |
| विद्यालयको पुस्तक बाहेक अन्य पुस्तक खोजेर पढ्छु | १३ | १६.८८ |
| धेरै अभ्यास गर्छु | ९ | ११.६९ |
| जम्मा | ७७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार सबैभन्दा बढी ४४.१६ प्रतिशत उत्तरदाताहरुले नजानेका कुरा शिक्षकसँग निर्धक्क सोध्ने रहेछन् भने २७.२७ प्रतिशत उत्तरदाताहरुले साथीहरूसँग मिलेर पढ्ने गर्दा रहेछन् भने १६.८८ प्रतिशत उत्तरदाताहरुले विद्यालयको पुस्तक बाहेक अन्य पुस्तक खोजेर पढेर आफ्नो शैक्षिक स्तर बढाउन प्रयास गरेका रहेछन् ।

### ५.५.६ कक्षागत शैक्षिक विवरण

बालबालिकाहरूको कक्षा अनुसारको शैक्षिक स्तर कस्तो रहेको छ भन्ने बारेमा बुझ्नको निम्ति तालिका ५.५.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१०: कक्षागत शैक्षिक विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १ कक्षा देखि ३ कक्षा | १५ | १९.४८ |
| ४ कक्षा देखि ६ कक्षा सम्म | ३३ | ४२.८६ |
| ७ कक्षा देखि ९ कक्षा सम्म | २६ | ३३.७७ |
| १० देखि माथि | ३ | ३.८९ |
| जम्मा | ७७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकाबाट कक्षा ४ देखि कक्षा ६ सम्म पढ्ने सङ्ख्या बढी रहेछ भने सबैभन्दा कम कक्षा १० देखि माथिका रहेको भेटियो । शैक्षिक सुविधा संस्थामा नभएको कारण र उमेरका कारण २५ जना उत्तरदाताहरू शिक्षाबाट बन्चित हुन पुगेका रहेछन् ।

समग्रमा स्थलगत सर्वेक्षणको तथ्याङ्कमा आधारित रहेर भन्नु पर्दा कास्की जिल्लामा अवस्थित ४ पुनर्स्थापना केन्द्रमा आश्रित बालबालिकाहरूको पनि फरक फरक शिक्षाको व्यवस्था छ । सिविनमा आश्रित ८ बालबालिकाहरू विद्यालय जानबाट बञ्चित रहेछन् भने हिमालयन लाइफमा आश्रित ५८ बालबालिका मध्ये ४७ जना श्री एन्जल मिसन (निजी) विद्यालयमा राम्रो सुविधाका साथ अध्ययन गरीरहेका छन् , पोखरा नगर स्तरीय बालसंरक्षण समितिमा आश्रय लिएका उत्तरदाताहरू श्री कृष्ण मा.वि मा अध्ययन गरीरहेका छन र बाल हितकारी परियोजना, (ज्योति सडक, न्यूरोडमा आश्रित बालबालिकाहरू श्री राम आधारभूत विद्यालयमा अध्ययन गरिरहेका छन् भने हिमालयन लाइफमा आश्रित ५८ बालबालिका मध्ये ११ जना उत्तरदाताहरू र बाल हितकारी परियोजना, (ज्योति सडक, न्यूरोडमा आश्रित २२ जना मध्ये ६ जना उत्तरदाताहरू मेटलका काममा, गोदाममा काम गर्न जान्छन् भने यी तिन पुनर्स्थापना केन्द्रले बालबालिकाको पढाइको लागि भनेर शिक्षकको रुपमा कर्मचारीको व्यवस्था गरेको छ ।

### ५.५.७ तालिम सम्बन्धी विवरण

अरुबाट आफूले सिक्ने र सिकाउने प्रकृया नै तालिम हो । पुनर्स्थापना केन्द्रका बस्दै गरेका उत्तरदाताहरुले केन्द्रबाट के-कस्तो तालिम पाएका रहेछन् तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.११: तालिम सम्बन्धी विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| तालिम पाएको छु | ८९ | ८७.२५ |
| तालिम पाएको छैन | १३ | १२.७५ |
| जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार ८७.२५ प्रतिशत उत्तरदाताहरुले मात्र तालिममा भाग लिने अवसर पाएका रहेछन् भने सानो उमेरका कारण, संस्थामा आएको अवधि पनि धेरै वर्ष नभएको र हाल उत्तरदाताहरुको लागि केन्द्रहरुले कुनै पनि तालिमको आयोजना नगरेको हुनाले १२.७५ प्रतिशत उत्तरदाताहरुले तालिम पाएका रहेनछन् ।

### ५.५.८ उत्तरदाताले पाएका तालिम सम्बन्धी विवरण

पुनर्स्थापना केन्द्रमा बस्दै आईरहेका १०२ उत्तरदाताहरु मध्ये बाट ८९ उत्तरदाताहरुले मात्र तालिममा भाग लिने अवसर पाउनु भएको रहेछ । ८७.२५ प्रतिशत उत्तरदाताहरुले के-कस्ता तालिमहरु पाएका रहेछन् भन्ने विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिकाः ५.१२ः उत्तरदाताले पाएका तालिम सम्बन्धी विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बचत सम्बन्धी | ६७ | ७५.२८ |
| व्यक्तित्व विकास सम्बन्धी | १२ | १३.४८ |
| रेडियो प्रस्तोता तालिम | ६ | ६.७४ |
| अन्य | ४ | ४.५ |
| जम्मा | ८९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकामा उल्लेख गरे अनुसार धेरै उत्तरदाताहरुले बचत सम्बन्धी तालिम पाइसकेको । बचत सम्बन्धी तालिमबाट आफूहरुले बचत गर्नका फाइदाहरु के के रहेछन् भन्ने कुराहरु सिकेको र अहिले उनीहरुले कमाएको पैसालाई बचत गर्ने गरेको र आफू

भन्दा साना भाईहरुलाई बचत गर्न पनि सिकाएको भेटियो । १३.४८ प्रतिशत उत्तरदाताहरुले व्यक्तित्व विकास सम्बन्धी तालिम पाइसकेका भने क्रमशः ६.७४ प्रतिशत उत्तरदाताहरुले रेडियो प्रस्तोता तालिम लिएको र हाल उनीहरु मध्ये २ जना राइट फर चिल्ड्रेनले सञ्चालन गरेको बाल रेडियो कार्यक्रम सञ्चालन गर्दा रहेछन् र ४.५ प्रतिशत उत्तरदाताहरुले अरु विषयमा तालिम पाएका रहेछन् ।

समग्रमा तालिम पाएका ८९ उत्तरदातालाताहरुले हामीले तालिमबाट धेरै कुरा सिकेको जसको कारणले आफ्नो पढाइमा समेत भएको र व्यक्तित्व क्षमता पनि अभिवृद्धि भएको बताए ।

## ५.६ उत्तरदाता पुनर्स्थापना केन्द्रमा आए पश्चातको अवस्था

सडकमा आश्रय लिईरहेका उत्तरदाताहरु पुनर्स्थापना केन्द्रमा आए पश्चात उनीहरुको शैक्षिक स्तरमा, स्वास्थ्य अवस्था, भविष्यप्रतिको सोच आदिमा के कस्तो परिवर्तन आए भन्ने विषयमा तल प्रस्तुत गरिएको छ ।

### ५.६.१ पुनर्स्थापना केन्द्रमा खानाको व्यवस्था

हरेक घर, परिवारमा, उनीहरूको आर्थिक स्तरअनुसार उनीहरूको खानपान पनि फरक-फरक हुन्छन् । त्यस्तै गरी विभिन्न ४ पुनर्स्थापना केन्द्रमा आश्रित बालबालिकाहरूको खानपान पनि पुनर्स्थापना केन्द्र अनुसार फरक-फरक छन् । 'हिमालयन लाइफ' संस्थामा सबै बालबालिकाको लागि खानामा विहान चिया र नास्ता, दिनुका साथसाथै विद्यालयको लागि खाजा पठाउने र हप्ताको एक पटक मासु, मौसम अनुसारको फलफूल दिने गर्दछन् भने अरु ३ पुनर्स्थापना केन्द्रमा खानाको व्यवस्था ठिकै छ उनीहरूलाई विहान, बेलुका स्वास्थ्यकर खाना दिने व्यवस्था राम्रै छ तर विद्यालयको लागि भने साना बालबालिकाको लागि मात्रै खाजाको व्यवस्था रहेछ । सम्रगमा भन्नुपर्दा पुनर्स्थापना केन्द्रमा बस्ने सबै बालबालिकाको लागि खानाको व्यवस्था राम्रै छ ।

### ५.६.२ पुनर्स्थापना केन्द्रमा स्वास्थ्यको व्यवस्था

संसारमा सबैभन्दा ठूलो कुरा भनेको स्वास्थ्य हो । त्यसैले स्वास्थ्यको बारेमा जान्न र बुझ्न विषेश जरुरी छ । पुनर्स्थापना केन्द्रमा आश्रित बालबालिकाको स्वास्थ्य स्थिति राम्रो राख्नको

लागि पुनर्स्थापना केन्द्रले प्राय जसो गण्डकी, मनिपाल र कहिलेकाहीँ नजिकैको स्वास्थ्य चौकीमा उपचार गराउदछन् भने बाल हितकारी परियोजना, (ज्योति सडक, न्यूरोड) ले आफ्नै निजी क्लिनिक आशा क्लिनिकमा उपचार गराउने गर्दछन् ।

### ५.६.३ पुनर्स्थापना केन्द्रमा खेलकुदको व्यवस्था

बालबालिकाको चौतर्फी विकासको लागि शिक्षा, पौष्टिक आहार, स्वास्थ्य जति महत्वपूर्ण छ उनीहरूको लागि खेलकुद पनि त्यति नै आवश्यक पर्दछ । खेलकुदबाट बालबालिकाको शारीरिक विकासमा मद्वत पुग्दछन् । खेलकुदको लागि केन्द्रमा फुटबल, बाट्मिन्टन, लुडो, चेक, क्यारामबोड आदि सामग्रीहरू रहेका छन् । उत्तरदाताले आफूलाई मन लागेको खेलकुदको सामग्रि प्रयोग गर्न पाउने देखियो अझै हिमालयन लाइफ नेपालमा शनिबार र विद्यालय छुट्टि भएको समयमा खेल प्रशिक्षकहरू ल्याएर बालबालिकालाई विभिन्न खेलहरू सिकाउने व्यवस्था समेत गरेको समेत भेटियो ।

## ५.७ भविष्यको चाहना

हरेक मान्छेको आ-आफ्नो सपना, इच्छा, चाहना हुन्छन् । बालबालिकाहरू भविष्यमा के बन्ने चाहन्छन् भन्ने कुराले पनि भोलि देश विकासको कुन तहसम्म पुग्न सक्छ भन्ने कुराको अनुमान गर्न सकिन्छ किनकि बालबालिका भनेका देशका कर्णधार हुन् । ४ वटा पुनर्स्थापना केन्द्रहरूमा आश्रय लिइरहेका १०२ उत्तरदाताहरूको भविष्यको चाहना बुझ्दा कोही अधिकाशं विद्यालय जाने उत्तरदाताहरू शिक्षक, ड्राइभर, आर्मी, पुलिस, नर्स, डाक्टर, इन्जिनियर, गायक, बन्ने सपना देखेका रहेछन् भने विद्यालय नगएका उत्तरदाताहरुको मेटल कम्पनीमा, गोदाम फ्याक्ट्रीमा, पसलमा र विदेशमा गएर काम गर्ने चाहना रहेको छ । आफ्नो चाहना पुरा गर्न आफू बसेको पुनर्स्थापना केन्द्रको सहयोग आफूलाई सधैं चाहिरहेने र केन्द्रले पनि यस्तै सहयोग गरिरहोस् भन्ने अनुरोध र सुझाव दिएका थिए ।

## ५.८ वैयक्तिक अध्ययन

**वैयक्तिक अध्ययन - १**

मेरो नाम गोपाल तामाङ (परिवर्तन गरिएको नाम) हो । म १४ वर्षको भएँ । मेरो स्थायी ठेगाना स्याङ्जा जिल्लाको फेदीखोला हो । मेरो परिवारमा हजुरबुवा, ४ जना दिदीहरू, २ जना दाइहरू र म गरी ८ जनाको परिवार छ ।  म ८ वर्षको हुदाँ मेरो बुवाको र ११ वर्षको हुँदा आमाको मृत्यु भएको हो । बुवाको मृत्यु भएपछि आमाले अरुको घरमा काम गरेर, मजदुरी गरेर खुवाउने, पढाउने गर्नुभयो । जब आमाको मृत्यु भयो त्यसपछि म माइला दाइ र भाउजूसँग बस्न पोखरा आएँ र कक्षा ४ मा भर्ना पनि भएँ । मलाई विद्यालयमा सबै शिक्षक, शिक्षिकाहरूले धेरै माया गर्नुहुन्थ्यो । सुरुमा दाइ र भाउजूले मलाई माया गर्नुहुन्थ्यो तर केही समयपछि भाउजूले बारम्बार गाली गर्ने , दाइलाई कुरा लगाएर कुटाइ खुवाउने गर्न थाल्नुभयो । मलाई टाउको दुख्ने र छिट्टै रुघा खोकी लाग्ने समस्या छ । भाउजूले म बिरामी पर्दा पनि नाटक पारेको भन्दै गाली गर्ने गर्नुहुन्थ्यो । तँलाई पढाउने पैसा छैन भन्दै घरबेटीको घरमा घरेलु काम लगायत अरु घरायसी काम गर्न दाइ भाउजूले दबाब दिन थाल्नुभयो । जसका कारण मेरो पढाइ कमजोर हुँदै गयो र साथसाथै दाइ भाउजूको दुर्व्यवहार बढ्दै गयो अनि घर छाडेर सडकमा आएँ । करिब १ वर्ष जति सडकमा प्लास्टिक, बोतल खोज्ने र बेच्ने गरे र डेनड्राइट सुँघ्ने र सडकमा घुम्ने गर्दथेँ जसका कारण मेरो स्वास्थ्य झन् बिग्रँदै गयो । हाल म यस बाल हितकारी परियोजना नेपालमा बस्दै आइरहेको छु र श्री राम आधारभूत विद्यालयमा कक्षा ६ मा  पढ्छु । यस केन्द्रमा आएपछि मैले विभिन्न व्यक्तित्व विकास सम्बन्धी तालिम पनि पाए, जसले गर्दा मेरो आत्मबल बढेको छ । मैले अहिले धेरै बालअधिकारका कुराहरु बुझेको छु । अहिले मेरो पढाइ र स्वस्थ्य पहिलाको भन्दा धेरै सुधिएको छ त्यसैले म पहिलाभन्दा धेरै खुसी छु । मलाई ठूलो भएर भविष्यमा आर्मी बन्ने रहर छ ।

माथिको वैयक्तिक अध्ययन अनुसार बुवा आमा गर्ने जस्तो माया, हेरचाह उहाँहरुको मृत्यु पश्चात घरका अन्य परिवारका सदस्यले उचित माया, ममता दिन नसक्दा र घरेलु दुर्व्यवहारका कारण बालबालिकाहरु आफ्नो घर छाडेर सडकमा आश्रय लिन बाध्य हुँदा रहेछन् ।

## वैयक्तिक अध्ययन - २

मेरो नाम निरज गिरी परिवर्तन गरिएको नाम) हो । म १२ वर्षको भए मेरो स्थायी ठेगाना कास्की जिल्लाको ल्वाङमा पर्दछ । बुवा-आमा, २ भाइ ,१ दिदी र म गरी मेरो ६ जनाको परिवार छ । बुवाले मिस्त्रीको काम र आमाले सानोतिनो होटेलमा काम गर्नुहुन्छ । मलाई घरमा बुवा आमाले र विद्यालयमा शिक्षकहरूले जहिले पनि पढ् पढ् भनेर गाली मात्रै गर्नुहुन्थ्यो । मलाई पढ्न मन लाग्दैन । मलाई गीत गाउन धेरै मन पर्छ तर घरमा मलाई तैँले गीत गाएर के हुन्छ, पढ्नु छैन भन्दै सधैँ गाली गर्ने, बुवाले रक्सी पिएको बेलामा पिट्ने गर्नुहुन्थ्यो । मलाई जति बेला पनि पढ्ने होइन भन्दै बुवा आमाको गाली गर्ने र घरको काम मात्रै लगाउने, भाइ र मलाई गर्ने व्यवहार पनि फरक हुन्थ्यो । उहाँहरूको कचकचे व्यवहार सहन नसकेर घर छाडेर हिडेँ । मैले घर छाडेपछि करिब १-२ महिना होटलमा काम गरेँ । त्यहाँ पनि साहुजीले पिट्ने, गाली गर्ने गर्नुहुन्थ्यो त्यसैले त्यहाँबाट पनि भागेर सडकमा  आए । करिब ६-८ महिना सडकमा माग्ने र प्लाष्टिक र बोतल बटुल्ने काम गरेँ । केही दिन लेक साइड तिर विदेशिसँग पैसा माग्दै आफ्ना् पेट पाल्थे । एक दिन म जस्तै साथीहरु खाना पाइन्छ रे भनेर मलाई पनि यस बाल हितकारी परियोजना नेपाल संस्थामा ल्याए । यहाँ नयाँ देखेर मलाई सरले बोलाउनु भयो । मेरो नाम र घर सोध्नुभयो । अनि मलाइ यहि बस्छौं भनेर सोध्नुभयो ।  हाल म  श्री राम आधारभूत विद्यालयमा कक्षा ४ मा पढ्दैछु । यहाँ सबैले मेरो स्वरको तारिफ गर्नुहुन्छ । कार्यक्रम हुँदा म गीत गाउँछु । मैले सर मिसहरुबाट धेरै माया पाएको छु । मलाई ठूलो भएर गायक बन्ने रहर छ ।

सबैको आ-आफ्नै इच्छा हुन्छ । विषेश गरी बालबालिकाको इच्छा धेरै हुन्छन् । प्रायः हाम्रो वरिपरि समुदायमा बालबालिकाको प्रतिभालाई महत्व दिनुको साट्टो उसको हरेक खुबिलाई उसको पढाइसँग तुलना गरिन्छ । उसलाई पढेन भनेर किचकिच गरिन्छ जसको कारण बालबालिकाहरु आफ्नो छच्छा पुरा गर्न र बुवाआमाको गालिबाट बच्न उपाय स्वरुप आफ्नो घर परिवार त्यागेर सडकमा आउने गर्दा रहेछन् भन्ने कुरा माथिको वैयक्तिक अध्ययनबाट थाह हुन्छ ।

## वैयक्तिक अध्ययन - ३

मेरो नाम दिपक कार्की (परिवर्तन गरिएको नाम) हो । म १७ वर्षको भएँ । मेरो स्थायी ठेगाना पर्वत जिल्लाको फलेबासमा पर्दछ । मेरो परिवारमा आमा, २ दाइ, र २ बहिनी र म गरी ६ जनाको परिवार छ । बुवाको मृत्यु भइसकेकाले दाइको नोकरीबाट र आमाले घरको सानोतिनो कामबाट घरको गुजारा चल्थ्यो । जसका कारण घरको आर्थिक श्रोत एकदमै कमजोर थियो । मन लागेको खानेकुरा पनि खासै खान पाइँदैन थियो त्यही कारणले घरमा आमासँग झगडा गर्दथें । शहरमा काम पाइन्छ र मिठो मिठो खान पाइन्छ भन्ने आशमा साथीको लहैलहैमा १२ वर्षको उमेरमा घर छाडेर भागे । करिब १ डेढ वर्ष जति सडकमा प्लाष्टिक र बोतल बटुल्ने, डेनड्राइट सुँघ्ने, कहिलेकाहीँ मालसामान बोक्ने काम गर्ने र राति पूर्णरुपमा सडकमा सुत्ने गर्दथे । म माल बोक्ने ठाउँको सरको सहयोगमा यस हिमालयन लाइफ नेपालमा करिब साढे ३ वर्ष देखि बस्दै आईरहेको छु । सुरुमा म श्री एन्जल स्कूलमा ६ कक्षामा पढ्थ्यैं । मलाई पढ्न खासै मन नभएकोले मैले पढाइ छाडेर हाल  मेटल कम्पनीमा काम गर्दछु । त्यहाँबाट आएको पैसा बचत गर्दछु । मैले यहाँ आएपछि विभिन्न तालिम पाएको छु जसले गर्दा मेरो क्षमता बढेको छ । मलाई भविष्यमा मेटल कम्पनी खोल्ने रहर छ ।

माथिको वैयक्तिक अध्ययन अनुसार के बुझ्न सक्छौ भने घरको आर्थिक अवस्था कमजोर भएको परिवारका बालबालिकाहरु सहरमा मिठो खान पाइन्छ भन्ने आशमा आफ्नो घर छाडेर सहर आउछन् र सडकलाई नै विकल्पको रुपमा अपनाउछन् ।

## वैयक्तिक अध्ययन -४

मेरो नाम रवि पौडेल ( परिवर्तन गरिएको नाम) हो । म १६ वर्षको भएँ । मेरो घरमा बुवा, आमा १ दिदी, १ भाई र म गरी ५ जनाको परिवार छ । बुवाले मिस्त्रीको साथसाथै विद्युत जडान गर्ने काम गर्नुहुन्थ्यो । बुवाको आम्दानी राम्रो थियो तर बुवा आफूले कमाएको पैसाले रक्सी सेवन गर्नुहुन्थ्यो र घरमा आएर आमालाई गाली गर्ने, पिट्ने गर्नुहुन्थ्यो । बुवाको दुर्व्यवहार सहन नसकेर बुवालाई छाडेर आमा अर्को वुबासँग विवाह गरेर जानुभयो । आमाले विवाह गरेको १-२ महिनापछि बुवाले पनि दोस्रो विवाह गरेर सौतेनी आमा लिएर आउनुभयो । सुरुसुरुमा कान्छी आमाले पनि माया गरे जस्तो गर्नुहुन्थ्यो । पछि पछि त कान्छी आमाले गाली गर्ने, पिट्ने र बुवालाई कुरा लगाएर कुटाइ खुवाउनु हुन्थ्यो । बुवा र कान्छी आमाको दुर्व्यवहार सहन नसकेर म र भाइले घर छाडेर मामाघर गयौं । हजुरआमा जीवित हुँदासम्म हामीले माया पाएका थियौं । हजुरआमाको सेखपछि मामा माइजूले पनि काममा लगाउने, कठोर वचन सुनाउने गर्न थाल्नुभयो त्यसपछि हामीले मामाघर पनि छाडेर आयौं । सुरुमा सडकमा आएर साथीको सहयोगमा गाडीमा खलासीको काम गरे । काम गरेको पैसाले जसोतसो खान त पुग्थ्यो तर मैले पढ्न पाउँदैनथेँ । मलाई पढ्न एकदमै मन भएकोले मैले गाडीको साहुसँग कुरा गरेँ । उहाँकै सहयोगले करिब ३ वर्ष देखि हामी दाजुभाइ यस 'पोखरा नगर स्तरीय केन्द्र'मा बस्दै आइरहेका छौं । हाल म श्री कृष्ण माध्यमिक विद्यालयमा कक्षा ९ मा पढ्छु र कक्षामा प्रथम पनि हुन्छु । म यस केन्द्रमा आएपछि मैले रेडियो सम्बन्धी, क्षमता अभिवृद्धि सम्बन्धी, बाल क्लव सम्बन्धी, बाल अधिकार सम्बन्धी तालिम पाएको छु। मलाई भविष्यमा इन्जिनियर बन्ने रहर छ ।

माथिको वैयक्तिक अध्ययन अनुसार हामीले के बुझ्न सक्छौं भने जन्म दिने आमाले छाडेर हिडेपछि र बुवाले दोस्रो विवाह गरी सौतेनी आमा घर ल्याएपछि सौतेनी आमाको दुर्व्यवहार सहन नसक्दा, आफ्नै घर उचित माया, ममता नपाउदा र आत्मियता महसुस गर्न नसक्दा बालबालिकाहरु घर छाडेर सडकमा आउने रहेछन् ।

# अध्याय छ

# सारांश, निष्कर्ष र सुझाव

## ६.१ सारांश

यस शोधपत्र अध्ययन पश्चात्का मुख्य प्राप्तिहरू निम्न लिखित बुदाँहरूमा सारांशित गरिएका छन् :

- पुनर्स्थापना केन्द्रमा आश्रित बालबालिकाहरूमा बालकहरू ९९.०२ प्रतिशत र बालिकाहरूको सङ्ख्या ०.९८ प्रतिशत रहेको छ । यस तथ्यले के स्पष्ट पार्छ भने कास्की जिल्लाका पुनर्स्थापना केन्द्रमा बालकको तुलनामा बालिकाको सङ्ख्याएकदमै न्यून रहेछ ।
- ४ वटा पुनर्स्थापना केन्द्रको सर्वेक्षण गर्दा कुल ५१.९३ प्रतिशत बालबालिकाहरू १० देखि १५ वर्ष उमेर समूहका रहेको र सबैभन्दा कम ० देखि ५ वर्ष उमेर समूहका बालबालिकाहरू रहेको भेटियो ।
- परिवारको सङ्ख्या ३ देखि ५ जना भएका भन्दा ५ देखि ७ जनाको परिवार सङ्ख्या भएका बालबालिकाहरूले घर छाडेर सडकमा आएको र हाल पुनर्स्थापना केन्द्रमा आश्रय लिइरहेको भेटियो ।
- कुल उत्तरदातामध्ये ३४.३१ प्रतिशत बालबालिकाहरू दलित, २६.४७ प्रतिशत बालबालिकाहरू जनजाति, २१.५७ प्रतिशत बालबालिकाहरू क्षेत्रि र १७.६५ प्रतिशत ब्राम्हण रहेका छन् । तसर्थ, पुनर्स्थापना केन्द्रमा दलित परिवारबाट आएका बालबालिकाहरूको सङ्ख्या सबैभन्दा बढी  त्यस्तैगरी क्रमशः जनजाति, क्षेत्री र ब्राह्मण परिवारबाट आएको भेटियो । दलित बालबालिकाहरूको तुलनामा ब्राह्मण बालबालिका निकै नै न्यून रहेको देखिन्छ ।
- सर्वेक्षण गर्ने क्रममा ६२.७५ प्रतिशत कुल प्रतिशतको आधाभन्दा बढी उत्तरदाताहरू क्रिस्चियन धर्ममा आस्था राख्ने रहेछन् । क्रमशः हिन्दु धर्म मान्ने २०.५९ प्रतिशत, बौद्ध धर्म मान्ने ८.८२ प्रतिशत भेटियो भने सबैभन्दा कम मुसलमान धर्म मान्ने ४.९० प्रतिशत उत्तरदाताहरु भेटियो । समग्रमा भन्नुपर्दा हिमालय लाइफ नामक

पुनर्स्थापना केन्द्रमा बस्ने धेरै भन्दा धेरै उत्तरदाताहरू क्रिश्चियन धर्ममा आस्था राख्ने भेटियो ।

- शोधपत्र अध्ययनमा संलग्न १०२ उत्तरदाताहरू मध्ये ११ जनाको आफ्ना दुवै बुवा आमा जीवित नभए पनि सौतनी बुवाआमाहरू रहेको पाइयो । त्यसैले १०२ उत्तरदाताहरू मध्ये ४२ जना (४१.१८ प्रतिशत) को बुवाले दोस्रो विवाह गरी सौतेनी आमा ल्याएको र ११ जना (१०.७८ प्रतिशत) आमाले पनि दोस्रो विवाह गरी सौतेनी बुवासँग रहेको बताए । यसबाट पनि के प्रष्ट हुन्छ भने आमाको तुलनामा बुबाहरूले बढी दोस्रो विवाह गर्ने गरेका छन् ।
- बुवाहरूको जस्तै अधिकांश आमाहरूको पनि लत रक्सी/ धुम्रपान सेवन गर्ने भेटियो । आमाहरू भन्दा बढी जुवातास खेल्ने लतमा बवाहरू भेटिए । २७.४७ प्रतिशत आमाहरूमा कुनै पनि लत नभएको भेटियो । समग्रमा बुवा र आमाका विभिन्न लतहरूको तुलना गर्दा बुवाहरूको तुलनामा आमाहरूको लत नगर्ने आमाहरूको सङ्ख्या धेरै भेटियो ।
- अध्ययनले देखाए अनुसार धेरै उत्तरदाताका बुवाहरू मिस्त्री अनि ज्यामी, कृषि, भरिया पेशामा बढी संलग्न छन् भने आमाहरू बढी घरेलु कामदारमा, कृषिमा, ज्यामी पेशामा बढी संलग्न रहेको भेटियो । आमाभन्दा बुवाहरूको सङ्ख्या बढी वैदेशिक रोजगारमा गएको पनि भेटियो ।
- कुल १०२ उत्तरदाताहरूमध्ये ११ जनाले आफ्नो अभिभावक गुमाईसकेका हुनाले ९१ जना उत्तरदातासँग मात्र गरिएको अध्ययनबाट ४५.०६ प्रतिशत उत्तरदाताहरूका अभिभावकहरू विश कारणले सँगै नबसेको र ५.४९ प्रतिशतले कानुनी रुपमा पारपाचुके गरिसकेका रहेछन् । २६.३७ प्रतिशत बुवाआमाको मात्र सम्बन्ध राम्रो रहेछ । जुन घरमा बुवा र आमाको सम्बन्ध राम्रो नभएका कारण पारपाचुके गरेका आमावबिाका सन्तानहरु बढी घर छाडेर सडकमा आउने र पुनर्स्थापना केन्द्रमा बस्ने गरेको भेटियो ।
- आफ्नै मर्जीले घर त्यागेर सडकमा आउने बालबालिकाहरू ७७.४५ प्रतिशत छन् । २२.५५ प्रतिशत बालबालिकाहरू दिउँसो सडकमा र रातको समयमा अभिभावकसँग बस्थे तर हाल यी सबै पुनर्स्थापना केन्द्रमा बस्दछन् ।

- सर्वेक्षण अनुसार सबैभन्दा बढी सौतनी आमाको दुर्व्यवहारले क्रमशः शहर गएर आफूले चाहेको सबै पाइन्छ मिठो खान पाइन्छ भन्ने आश गर्दै साथीहरूको लहैलहैमा लागेर २२.७८ प्रतिशतले र १७.७२ प्रतिशतले घरको आर्थिक अवस्था कमजोर भएर पनि घर छाडेर सडक आएको भेटीयो भने ३.८ प्रतिशत उत्तरदाताहरूले पढेन भनेर कराएर घर छाडेका रहेको बताए ।
- आफ्नो रंगिन सपना पुरा गर्ने आशमा  घर छाडेका ७९ जना उत्तरदाताहरूमध्ये ४१.७७ प्रतिशत उत्तरदाताहरू सडकमा नै बसे भने २७.८५ प्रतिशत उत्तरदाताहरूले होटेलमा काम गरे १३.९२ प्रतिशत आफन्तको संरक्षणमा बसे भने १०.१३ प्रतिशत उत्तरदाहरू कोही गाडिमा र कबाडी खानामा काम गरेर कोठामा बसे । त्यस्तै गरी आफ्नै परिवारसँग बसेको २३ उत्तरदाताहरू भने दिउँसोको समयमा होटेलमा, भरियाको काम गर्ने गरेको भेटियो ।
- शोधकार्य पश्चात् उत्तरदाताहरू सुरुमा सडकमा, होटेलमा काम गर्ने र उनीहरूको बालअधिकारको संरक्षण र सम्बर्द्धनका लागि विभिन्न संस्थाका सञ्चालकहरूले, कर्मचारीहरूले, सरकारी निकायको सहयोगले उनीहरूलाई पुनर्स्थापना केन्द्रमा ल्याएको पाइयो ।
- हिमालयन लाइफ संस्थामा सबै बालबालिकाको लागि खानामा विहान चिया र नास्ता, दिनुका साथसाथै विद्यालयको लागि खाजा पठाउने र हप्ताको एक पटक मासु, मौसम अनुसारको फलफूल दिने गर्दछन् भने अरु ३ पुनर्स्थापना केन्द्रमा खानाको व्यवस्था ठिकै छ । उनीहरूलाई विहान, बेलुका स्वास्थ्यकर खाना दिने व्यवस्था राम्रै छ तर विद्यालयको लागि भने साना बालबालिकाको लागि मात्रै खाजाको व्यवस्था गरिएको भेटियो ।
- ४ पुनर्स्थापना केन्द्रमा फरक फरक शिक्षाको व्यवस्था छ । सिविन मा आश्रित ८ बालबालिकाहरू विद्यालय जानबाट बञ्चित रहेछन् भने हिमालयन लाइफमा आश्रित ५८ बालबालिकामध्ये ४७ जना राम्रो सुविधाका साथ निजी विद्यालयमा गइरहेका छन् भने बाल हितकारी परियोजना, (ज्योति सडक, न्यूरोड) र पोखरा नगर स्तरीय बालसंरक्षण समितिमा आश्रित उत्तरदाताहरु सरकारी विद्यालयमा अध्ययन गर्न गएको भेटियो ।

- ५४.९० प्रतिशत उत्तरदाताहरु पुनर्स्थापना केन्द्रमा आउनु पूर्व नियमित विद्यालय जाने गर्दा रहेछन् भने ४१.१८ प्रतिशत उत्तरदाताहरु कहिलेकाहीँ विद्यालय जाने गर्दा रहेछन् र ३.९२ प्रतिशत उत्तरदाताहरु सानो उमेरका कारण विद्यालय भर्ना नभएका रहेछन् ।
- ४८.०४ प्रतिशत उत्तरदाताहरु केन्द्र आउनु पूर्व उनीहरुको शैक्षिक अवस्था ठिकै रहेछ भने २२.५५ प्रतिशत उत्तरदाताहरुको शैक्षिक अवस्था राम्रो रहेछ र ३.९२ उत्तरदाताहरु सानो उमेरका कारण विद्यालय भर्ना नभएका रहेछन् ।
- 'हिमालयन लाइफ नेपाल' नामक संस्थामा बस्ने र विद्यालय पढ्न जाने उत्तरदाताहरु मध्ये ४६.०८ प्रतिशत निजी विद्यालयमा अध्ययन गर्दा रहेछन् भने २९.४१ प्रतिशत सरकारी विद्यालय र २४.५१ प्रतिशत उत्तरदाताहरु विशेष कारणले विद्यालय जान बाट बन्चित रहेको भेटियो ।
- उत्तरदाताहरु र केन्द्रका सञ्चालकहरुका अनुसार ६२.३४ प्रतिशत उत्तरदाताहरुको पढाईको स्तर पुनर्स्थापना केन्द्रमा आए पश्चात धेरै सुध्रिएको र २२.०८ प्रतिशतको केहि मात्र शैक्षिक स्तरमा वृद्धि भएको रहेछ ।
- उत्तरदाताको शैक्षिक स्तर अझै राम्रो गर्न केन्द्रले अतिरिक्त कक्षाको सञ्चालन गर्नुका साथसाथै पुस्ताकलायको व्यवस्था गरेको र विषेश गरी १ देखि कक्षा ४ सम्म अध्ययनरत उत्तरदाताहरुलाई शिक्षकले आफ्नै निगरानी राखेर अध्ययन गराउने गरेको भेटियो ।

- समग्रमा कक्षा ४ देखि कक्षा ६ सम्म पढ्नेको संङ्ख्या बढी रहेछ भने सबैभन्दा कम कक्षा १० देखि माथिका रहेको भेटियो । शैक्षिक सुविधा संस्थामा नभएको कारण र उमेरका कारण २५ जना उत्तरदाताहरू शिक्षाबाट बन्चित हुन पुगेका रहेछन् ।

- १०२ उत्तरदातामध्ये ८७.२५ प्रतिशत उत्तरदाताहरुले मात्र तालिममा भाग लिने अवसर पाएका रहेछन् भने सानो उमेरका कारण, संस्थामा आएको अवधि पनि धेरै वर्ष नभएको र हाल उत्तरदाताहरुको लागि केन्द्रहरुले कुनै पनि तालिमको आयोजना नगरेको हुनाले १२.७५ प्रतिशत उत्तरदाताहरुले तालिम पाएका रहेनछन् ।
- विभिन्न तालिम लिइसकेका ८९ उत्तरदाताहरुमध्ये ७५.२८ प्रतिशतले बचत सम्बन्धी तालिम, १३.४८ प्रतिशतले व्यक्तित्व विकास सम्बन्धी र ६.७४ प्रतिशतले

रेडियो प्रस्तोता तालिम लिएको र हाल उनीहरु मध्ये २ जना राइट फर चिल्ड्रेनले सञ्चालन गरेको बाल रेडियो कार्यक्रम सञ्चालन गर्दा रहेछन् ।

- खेलकुदबाट बालबालिकाको शारिरिक विकासमा मद्धत पुग्दछ । खेलकुदको लागि केन्द्रमा फुटबल, व्याडमिन्टन, लुडो, चेक, क्यारामबोड आदि सामाग्रीहरू रहेका छन् । उत्तरदाताले आफूलाई मन लागेको खेलकुदको सामग्री प्रयोग गर्न पाउने देखियो अझै हिमालयन लाइफ नेपालमा शनिबार र विद्यालय छुट्टी भएको समयमा खेल प्रशिक्षकहरू ल्याएर बालबालिकालाई विभिन्न खेलहरू सिकाउने व्यवस्था रहेको पाइयो ।
- पुनर्स्थापना केन्द्रमा आश्रित बालबालिकाको स्वास्थ्य स्थितिराम्रो राख्नको लागि पुनर्स्थापना केन्द्रले प्रायः जसो गण्डकी, मनिपाल र कहिले काहीँ नजिकैको स्वास्थ्य चौकीमा उपचार गराउँदछन् भने बाल हितकारी परियोजना, (ज्योति सडक, न्यूरोड) ले आफ्नै निजी क्लिनिक (आशा क्लिनिक)मा उपचार गराउने गर्दछन् ।
- ४ वटा पुनर्स्थापना केन्द्रहरूमा आश्रय लिइरहेका १०२ उत्तरदाताहरूको भविष्यको चाहाना बुझ्दा अधिकांश विद्यालय जाने उत्तरदाताहरू शिक्षक, ड्राईभर, आर्मी, पुलिस, नर्स, डक्टर, इन्जिनियर, गायक, बन्ने सपना देखेका रहेछन् भने विद्यालय नगएका उत्तरदाताहरू मेटल कम्पनीमा, गोदाम फ्याक्ट्रीमा, पसलमा वा विदेश गएर काम गर्ने चाहाना रहेको भेटियो ।

## ६.२ निष्कर्ष

यस शोधपत्र अध्ययनबाट पुनर्स्थापना केन्द्रले आफ्ना घर छाडेर सडकमा आएका बालबालिकाको जीवन परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेल्ने देखिएको छ । पुनस्थापना केन्द्रमा आश्रित बालबालिकाहरूको शैक्षिक विकास, स्वास्थ्य स्थितिमा सुधार, राम्रो खानाको व्यवस्थाका साथै नेतृत्व विकासमा सकरात्मक परिवर्तन ल्याएको छ ।

शोधपत्र अध्ययनले देखाए बमोजिम पूरुषहरू त्यसमा पनि सबैभन्दा बढी १० देखि १५ वर्ष उमेर समूहका बालबालिकाहरू बढी घर छाड्ने गरेको तथ्याङ्कबाट थाह हुन आउँछ । आफ्नो पेट पाल्न उनीहरू होटेलमा, भरिया, खलासी, सडकमा प्लाष्टिक,बोटल बटुल्ने र बेच्ने आदी कार्य गरी रहेका बालबालिकाहरू मध्ये १०२ बालबालिकालाई उचित गाँस, बाँस, कपास, शिक्षा र स्वाथ्य उपचार दिन पोखरा लेखनाथ महानगरपालिका वडा नं. ७र

१५ मा अवस्थित ४ वटा पुनर्स्थापना केन्द्रले आश्रय दिइरहेको छ । पहिला सडकमा बस्दा अरुले हेर्ने नजर र हाल पुनर्स्थापना केन्द्रमा बसी विद्यालय जादाँ, विभिन्न तालिमहरूमा जादाँ समाजले हेर्ने नजरमा सकरात्मक परिवर्तन देखिएको र आफूहरूमा पनि सकरात्मक सोचको विकास भएको र विभिन्न नेतृत्व विकास तालिमबाट आफ्नो क्षमता अभिवृद्धि भई आत्माबलक बढेको कुराहरू उत्तरदाताहरू बताउँछन् । ठूलो भएपछि भविष्यमा शिक्षक, ड्राईभर, आर्मी, पुलिस, नर्स, डक्टर, इन्जिनियर, गायक, बन्ने सपना देखेका रहेछन् भने विद्यालय नगएका उत्तरदाताहरू मेटल कम्पनिमा, गोदाम फ्राक्ट्रिमा, पसलमा, विदेश गएर काम गर्ने रहर रहेको र उनीहरूको सपना साकार बनाउन आ-आफ्नो पुनर्स्थापना केन्द्रले सहयोग गरिदियोस् भन्ने उत्तरदाताहरूको चाहाना देखियो ।

सम्रगमा अवलोकन गर्दा पुनर्स्थापना केन्द्रमा बस्दै आइरहेका उत्तरदाताहरूलाई पौष्टिक आहार, शिक्षा, स्वास्थ्य सुविधा र अतिरिक्त क्रियाकलापमा राम्रो व्यवस्था भएको भेटियो ।

## ६.३ सुझाव

विभिन्न परिस्थितिका कारण आफ्नो घर र परिवार छाडेर सडकमा आएका बालबालिकाहरूको संरक्षण र बाल अधिकारको निम्ति कास्की जिल्लामा रहेका ४ पुनर्स्थापना केन्द्रमा रहेका बालबालिका र त्यहाँ कार्यरत कर्मचारी, सञ्चालकहरूसँग गरिएको कुराकानीबाट बालबालिका पुनर्स्थापना केन्द्रलाई अझै प्रभावकारी बनाउनका लागि निम्न सुझावहरू पेश गरिएको छ :

- पुनर्स्थापना केन्द्रमा बस्ने बालबालिकालाई खाने, बस्ने, पढ्ने व्यवस्थाको साथ साथै स्वास्थ्यको पनि सुविधा रहेको भेटियो तर हिमालयन लाइफ नेपालको तुलनामा सिविन, पोखरा नगर स्तरीय बालसंरक्षण समिति र बाल हितकारी परियोजना नेपाल (ज्योति सडक, न्यूरोड) ले अझै बढी खानामा, शैक्षिक स्तरमा र विषेश गरी अतिरिक्त क्रियाकलापमा अझै ध्यान दिनु पर्ने देखियो ।
- हिमालयन लाइफ नेपालमा सबै कुराको राम्रो सुविधा छ । उत्तरदाताहरू निजी विद्यालयमा पढ्न जान्छन् र विद्यालय नजाने उत्तरदाताहरूको लागि विभिन्न तालिमहरूको अवसर दिलाउने रहेछ तर त्यहाँ बस्ने बालबालिकालाई येशुको प्रार्थना गर्न लगाउने गर्दा रहेछन् । १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई

अभिभावकले बाहेक अरुले यो धर्म मान्न भन्न पाइदैन । त्यसैले विभिन्न सरकारी कार्यालयका सरोकारवालाहरू अनुगमनमा जाँदा यस्तो क्रियाकलापमा रोक लगाउनु पर्दछ ।

- सिविन जस्तो पुरानो र बालबालिकाको क्षेत्रमा सक्रिय संस्थामा आश्रय पाइरहेका बालबालिकाहरू शिक्षाको ज्योतिबाट बन्चित हुनु उनीहरूको भविष्य अध्यारो हुनु पनि हो । त्यसैले कास्की जिल्लामा रहेको सिविनले त्यहाँ बस्ने बालबालिकाहरूको निम्ति शिक्षाको व्यवस्था गर्नु पर्ने आवश्यकता छ ।
- बालसहभागिताको पक्ष अलि कमजोर देखियो ।
- आफूले जिम्मा लिएका बालबालिकाहरू पूनः समाजमा, परिवारमा गएपछि पनि केहि समयसम्म पुनर्स्थापना केन्द्रले अनुगमन गरी राख्यो भने उत्तम हुन्थ्यो होला की ?
- भविष्यमा केही बन्छु भनेका बालबालिकाको सपना पूरा गर्न पुनर्स्थापना केन्द्रले पनि सक्दो सहयोग गरिदिनु पर्ने देखियो ।
- कहिलेकाहीँ बालबालिका पुनर्स्थापना केन्द्रबाट भागेर पुनः सडकमा जाने गर्दछन् । केन्द्रमा कर्मचारीको सङ्ख्यामा केही वृद्धि गर्नुपर्ने देखियो र त्यसका कारण खोजी मनोवैज्ञानिक परामर्श समेत प्रदान गर्नुपर्ने देखियो ।

# सन्दर्भ सामाग्रीहरू


केन्द्रीय बालकल्याण समिति (२०६९), *आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०६९,* हरिहर भवन, पुल्चोक, ललितपुर, नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय ।

केन्द्रीय बालकल्याण समिति (२०७३), *विपद् र बालबालिका तनाब कम गराउने क्रियाकलाप,* हरिहर भवन, पुल्चोक, ललितपुर, नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय ।

गौतम शर्मा, प्रेम प्रकाश (२०७१), *अनाथ बालबालिकाको संरक्षण सम्बन्धी एक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

धिताल, तारक (२०६८), *बालअधिकार सरल स्रोत -पुस्तिका ,* केन्द्रीय बालकल्याण समिति, पुल्चोक, ललितपुर, नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय ।

बराल, भरतराज (२०७१), *कास्कीमा बालबालिकाको स्थिति २०७१,* जिल्ला बालकल्याण समिति, नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय ।

बराल, भरतराज (२०७२), *कास्कीमा बालबालिकाको स्थिति २०७२,* जिल्ला बालकल्याण समिति, नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय ।

भण्डारी, विन्दु (२०७४), *कास्कीमा बालबालिकाको स्थिति २०७३,* जिल्ला बालकल्याण समिति, नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय ।

मल्ल, विष्णुकुमार (२०७३), *बालक्लबले विद्यार्थीहरूमा ल्याएको शैक्षिक परिवर्तन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस, पोखरा ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय (२०७२), *सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन,* नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय ।

सिविन (२०७१), *सडक बालबालिकाको अध्ययन तथा विस्तृत सूचना सङ्कलन सर्वेक्षण कार्यक्रम कास्की ,* भेराइटी प्रेस, पोखरा ।

सुवेदी, कमला (२०६८), *काठमाडौंका सडक बालबालिका र उनीहरूलाई समाजले पारेको प्रभाव,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र तथा मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

CBS (2012). *Population Monographs of Nepal, Central Bureau of Statics*, Kathmandu, Nepal.

Child Welfare Society (1996). *Situation analysis of street children in Nepal;* Submited to UNICEF Nepal, Pokhara Kaski, Nepal.

CWIN (1990). *Young ragpickers in Kathmandu*; Biz Link Concern, Lalitpur

CWIN (1997). *A compilation of CWIN*: Research and survey studies. Pokhara Kaski, Nepal.

Rao, C.N. Shankar (2004). *Sociology,* Primary Principles, New Delhi, S. Chand and Company Ltd.

Shrestha, Kriti (2011). *Socio economic status of street children.* An unpublished thesis on Masters in Sociology from Prithvi Narayan Campus, Tribhuvan University, Nepal.

Smelser, Neil J. (1993). *Sociology,* Prentice Hall of India Private Limited 4th edition.

Soja, Edward, and Miguel Kanai. (2006). *The urbanization of the world. In The endless city: The Urban Age Project by the London School of Economics and Deutsche Bank's Alfred Herrhausen Society,* edited by Ricky Burdett and Deyan Sudjic, 54–68. London: Phaidon.

UNICEF (1996). *The state of World's children,* NewYork.

UNICEF (2016). *The state of world's children: A fair chance for every child*, NewYork.

# अनुसूची १

## अन्तरवार्ता अनुसूची

## पुनर्स्थापना केन्द्रले सडक बालबालिकाको जीवनमा पारेको प्रभाव सम्बन्धी अध्ययन

अन्तर्वार्ता नं.: ..........                                        अन्तर्वार्ता लिने व्यक्ति : निकिता कोईराला

स्थानः ..................................                         मिति : ...........................

**क)   व्यक्तिगत विवरण :**

नाम :

उमेर :                                        लिङ्ग :

स्थायी ठेगाना :

केन्द्रको नाम :

२)   धर्म :   क) हिन्दू   ख) मुस्लिम   ग) बौद्ध
घ)क्रिचियन   ङ) अन्य...........

३)   जात : क) ब्राह्मण   ख) क्षेत्री   ग) जनजाति
घ) दलित   ङ)अन्य ..........

**ख) पुनर्स्थापना केन्द्रमा आउनु अधिको अवस्था पहिचान गर्नु :**

**A) बालबालिकाको पारिवारिक पृष्ठभूमि बुझ्नु :**

४) तपाईको परिवारमा कति जना छन् ?

क) ३-५ जना   ख) ६-८ जना   ग) ९ जना माथि

५) बुबा : जिउँदो /मरेको / छाडेको / थाहा छैन ।

आमा : जिउँदो /मरेको / छाडेको / थाहा छैन ।

सौतेनी बुबा : छ / छैन

सौतेनी आमा : छ / छैन

६) आमा र बुबा बिच कस्तो सम्बन्ध थियो ?

क) राम्रो ख) ठिकै ग) नराम्रो

घ) पारपाचुके भएका ङ) अन्य

७) अभिभावकका विषेश लतहरु के के छन् ?

बुबा : रक्सी सेवन / जुवा तास /अन्य

आमा : रक्सी सेवन / जुवा तास /अन्य

८) अभिभावकको पेशा :

बुबा : वैदेशिक रोजगार /भरिया/कृषि/घरेलु कामदार/व्यापार/ अन्य /थाहा छैन

आमा : वैदेशिक रोजगार भरिया/कृषि/घरेलु कामदार/व्यापार/ अन्य /थाहा छैन

९) के कारणले गर्दा तपाईलाई आफ्नो घर/परिवार छोड्न मन लाग्यो ?

क) घरको आर्थिक अवस्था कमजोर भएर

ख) विद्यालको अवसर नपाएर

ग) बाबाले अर्को विहे गरी गरी सौतेनी आमाको दुर्व्यवहार सहन नसकेर

घ) आमाले अर्को विहे गरेर

ङ) बाबा आमाको सम्बन्ध विच्छेद भएर

च) साथीहरुको लहैलहैमा

छ) अन्य

**B) शैक्षिक अवस्था :**

१०) तपाई विद्यालय जानुभएको थियो?

क) गएको थिए ख) गएको थिईन

११) तपाईले कति पढ्नु भएको छ ?

क) प्राथमिक ख) निम्न माध्यमिक ग) माध्यमिक

१२) पुर्नस्थापना केन्द्रमा आउँनु पूर्व तपाईको पढाइको अवस्था कस्तो थियो ?

क) राम्रो ख) ठीकै ग) कमजोर घ) अन्य

**C) सामाजिक पृष्ठभूमि बुझ्नु :**

१३) घर छोडे पश्चात् तपाई कहाँ बस्नुभयो ?

क) सडकमा नै बसे ख) होटलमा काम गरी बसे

ग) अर्काको घरमा काम गरी बसे घ) अन्य .......

१४) पुनर्स्थापना केन्द्रमा आउँनु पूर्व तपाईले कहाँ के के क्रियाकलाप गर्नुभयो ?

क) आफ्नै परिवारसँग आफ्नै घरमा थिए

ख) अर्काको घरमा/होटलमा बालश्रम गरे

ग) सडकमा दिन बिताई प्लाष्टिकका सामाग्री बटुली बेच्ने कार्य

घ) चोरी एवम् लागू औषधिको कुलतमा फसे

ङ) अन्य .........

१५) तपाईलाई पुनर्स्थापना केन्द्रमा कसले ल्याईदिएको हो ?

क) परिवार ख) आफन्त ग) आफैं घ) संघसस्थाका व्यक्तिले

ङ) अन्य .................

**ग) पुनर्स्थापना केन्द्रमा आए पश्चातको अवस्था पहिचान गर्नु :**

१६) तपाई पुनर्स्थापना केन्द्रमा बसेको अवधि कति भयो ?

क) ०-२ वर्ष ख) २-४ वर्ष ग) ४-६ वर्ष

ङ) ६ देखि माथि च) थाह छैन

१७) पुनर्स्थापना केन्द्रमा आएपछि आफूमा कस्तो परिवर्तन पाउनुभएको छ ?

क) सकारात्मक ख) नकारात्मक

ग) परिवर्तन भएको छैन घ) त्यस बारेमा सोचेको छैन

१८) तपाई विद्यालय जानुहुन्छ ?

क) जान्छु ख) जादिन

यदि जानुहुन्छ भने

१९) तपाई पढ्ने विद्यालय कस्तो प्रकृतिको छ ?

क) सामुदायिक    ख)निजी    ग) अन्य

२०) पुनर्स्थापना केन्द्रमा आएपछिको आफ्नो पढाइको अवस्था कस्तो लागेको छ ?

क) अझ राम्रो    ख) अझ कमजोर

ग) पहिलेको जस्तै    घ) अन्य

२१) पुनर्स्थापना केन्द्रमा आएपछि पढाइमा आएको परिवर्तनबाट सन्तुष्ट हुनुहुन्छ ?

क) छु    ख) छैन

ग) ख्याल गरेको छैन    घ) अन्य

एक बर्षभरि भएका परीक्षाफलको प्रतिशत (क) ......... (ख) ......... (ग) .........

२२) पढाइलाई निरन्तरता दिनेमा तपाईको के धारण छ ?

क) लामो समय निरन्तरता दिन्छु    ख) केहि समय मात्र निरन्तरता दिन्छु

ग) पटक्कै पढ्न मन छैन    घ) थाहा छैन

२३) पुनर्स्थापना केन्द्रमा सङ्लग्न भएपछि कुनै प्रकारको समस्या भोग्नु परेको छ की छैन ?

क) छैन    ख) छ

यदि छ भने

२४) पुनर्स्थापना केन्द्रमा आएपछि पछि तालिम प्राप्त गर्नु भएको छ ?

क) पाएको छु    ख) पाएको छैन

पाएको भए

२५) तालिमले तपाईको व्यक्तित्वमा  सहयोग पुगेको छ की छैन ?

क) पुगेको छ    ख) पुगेको छैन   ग) थोरै मात्र पुगेको छ   घ) धेरै नै पुगेको छ

२६) भविष्यमा तपाई के बन्ने इच्छा छ ?

३९) पुनर्स्थापना केन्द्रले के-कस्तो सहयोग गरिदिएमा अझ राम्रो हुने थियो भन्ने लाग्छ ?

धन्यवाद

# अनुसूची २

## मुख्य जानकार व्यक्तिसँग गरिएको छलफलको सूची

१. उत्तरलाताहरुको पारिवारीक सम्बन्धमा

२. उत्तरदाताहरुको शैक्षिक स्तर सम्बन्धमा

३. उत्तरदाताहरुको खानपानको सम्बन्धमा

४. उत्तरदाताहरुको खेलकुदको सम्बन्धमा

५. पुनर्स्थापना केन्द्रको व्यवस्थापनको सम्बन्धमा

## मुख्य जानकार व्यक्तिसँग गरिएको छलफलमा सहभागी व्यक्तिहरु

| | | |
|---|---|---|
| १. | मनोविमर्शकर्ता | CWIN |
| २. | सामाजिकिकरण केन्द्र प्रमुख | बाल हितकारी परियोजना |
| ३ | पोखरा नगर स्तरीय बालसंरक्षण समिति | अध्यक्ष |
| ४. | कार्याकारी निर्देशक | हिमालयन लाइफ नेपाल |

# अनुसूची ३

## अध्ययनको क्रममा लिइएका केही झलकहरु :



साना उमेरका उत्तरदाताहरुसँग गरिएको सामुहिक अन्तर्वार्ता



१० देखि १५उमेर समुहका उत्तरदाताहरुसँग गरिएको सामुहिक अन्तक्रिया



उत्तरदाताहरुसँग लिएको तस्विर



कक्षा १ देखि ४ सम्मका उत्तरदाताहरुलाइ शिक्षीकाले पढ्न सहयोग गर्दै



पुनर्स्थापना केन्द्रको कर्मचारीसँग आवश्यक अन्तक्रिया गर्दै

# अनुसूची ४

## अध्ययन क्षेत्रको नक्सा

